# हाइडलवर्ग धार्मिक शिक्षा

## पृष्ठभूमि

सुधारवादी समूहहरूको अति नै लोकप्रिय र प्रिय धार्मिक शिक्षा हाइडलवर्ग, तत्कालीन शासक Frederic III को अनुरोधमा जर्मनको हाइडलवर्ग सहरमा सन् १५६३ मा लेखिएको थियो । रोमन क्याथोलिक सम्प्रदायको वर्चश्व रहेको जर्मनीमा सुधारवादी विश्वासको प्रभाव कायम राख्न फ्रेडेरीक त्रितिय (Frederic III) चाहान्थे । यसर्थ ठोस सुधारवादी धार्मिक शिक्षाको दस्ताबेज तयार गर्न उनले हाइडलवर्ग विश्वविद्यालयका ईश्वरशास्त्र विभागका प्राध्यापकहरू र सेवकहरूका समुह गठन गरे, जसका नेतृत्व जखारीयस उर्सीनुस (Zacharias Ursinus) र केस्पर ओलीभेनुस (Caspar Olevianus) ले गरेका थिए । लगभग १० महिनाको अवधिमा यो दस्ताबेज तयार भएको थियो । यसमा तीन भागहरू ( मानव दुगर्ती, उद्धार र कृतज्ञता) र ५२ प्रभुका दिनहरू छन् । हरेक प्रभुका दिनहरूमा प्रश्नोत्तरहरू समावेश गरिएका छन् । सुधारवादी मण्डलीहरूले आराधनाको समयमा कम्तिमा एक खण्ड सामूहिक रुपमा वाचन गर्दथे र अहिले पनि गर्दछन् ।

यो धार्मिक शिक्षा दस्ताबेजको उद्देश्य राज्यमा र सुधारवादी मण्डलीहरूमा एकता कायम राख्ने एउटा कोशिस थियो । मण्डलीका विश्वासीहरूलाई आधारभूत बाइबलीय ज्ञान प्रदान गर्न यो दस्ताबेज सवल छ साथै इतिहासदेखि नै वचन प्रचारकहरूले प्रचारको मार्गदर्शकको रुपमा पनि यसलाई प्रयोग गरिरहेका छन् । सारांशमा यो दस्ताबेज बाइबलिय र ख्रीष्ट केन्द्रित छ । आत्म-कथात्मक शैलीमा लेखिएको यो दस्ताबेज इश्वरभक्तिको मार्गमा दोहोऱ्याउन र सम्पूर्ण व्यक्तित्व (शरीर र आत्मारप्राण) लाई कष्टबाट सान्त्वनातिर लम्काउन पनि सवल छ ।

## हाइडलवर्ग धार्मिक शिक्षा

### प्रभुको दिन १

१. प्रश्न: जीवन र मृत्युमा तपाईंको एक मात्र सान्त्वना के हो ?
उत्तर: कि म मेरै होइन,[1]
तर (मेरो) शरीर र प्राण,
जीवन र मृत्युमा[2]
मेरै विश्वासयोग्य मुक्तिदाता येशू ख्रीष्टमा[3] सम्बन्धित छु ।
उहाँले आफ्नो अमूल्य रगतद्वारा मेरो सबै पापहरूको मूल्य[क] पूर्ण रुपमा तिरिसक्नुभएको छ,[4]
र मलाई शैतानको बन्धनबाट छुटाउनुभएको छ ।[5]
उहाँले मलाई यस्तो प्रकारले हेरविचार पनि गर्नुहुन्छ कि,[6]
मेरो शिरको एउटा रौं पनि मेरो स्वर्गमा हुनुहुने पिताको इच्छा विना मेरो शिरबाट झर्दैन:[7]
वास्तवमा, मेरो मुक्तिको लागि सबै कुराहरू सँगसँगै काम गर्दछन् ।[8]

म उहाँको भएको कारण,
ख्रीष्टले उहाँको पवित्र आत्माद्वारा,
मलाई अनन्त जीवनको निश्चयता दिनुहुन्छ[9]
र मलाई अब उप्रान्त पूरा हृदयले तत्परता र तयारीका साथ उहाँको निम्ति जिउने बनाउनुहुन्छ ।[10]

[1]१ कोरिन्थी ६:१९-२०
[2]रोमी १४:७-९
[3]१ कोरिन्थी ३:२३; तितस २:१४
[4]१ पत्रुस १:१८-१९; १ यूहन्ना १:७-९ २:२
[5]यूहन्ना ८:३४-३६; हिब्रु २:१४-१५; १ यूहन्ना ३:१-११
[6]यूहन्ना ६:३९-४०; १०:२७-३०; २ थेसलोनिकी ३:३; १ पत्रुस १:५
[7]मत्ती १०:२९-३१; लूका २१:१६-१८
[8]रोमी ८:२८
[9]रोमी ८:१५-१६; २ कोरिन्थी १:२१-२२; ५:५; एफिसी १:१३-१४
[10]रोमी ८:१-१७

२. प्रश्न: यस सान्त्वनाको आनन्दमा जिउन र मर्नका लागि तपाईंले के बुझ्नैपर्छ ?
उत्तर: तीन कुराहरू:
पहिलो, मेरा पाप र दुर्गति कत्ति ठूला छन्,[1]
दोस्रो, म कसरी मेरा सबै पापहरू र दुर्गतिहरूबाट स्वतन्त्र पारिएको छु,[2]

---
[क] पापहरुको मुल्य मृत्यु हो ।

तेस्रो, यी छुटकाराको निम्ति मैले परमेश्वरलाई कसरी धन्यवाद दिने ।[३]

[१]रोमी ३:९-१०; १ यूहन्ना १:१०
[२]यूहन्ना १७:३; प्रेरित ४:१२; १०:४३
[३]मत्ती ५:१६; रोमी ६:१३; एफिसी ५:८-१०; २ तिमोथी २:१५; १ पत्रुस २:९-१०

## भाग १: मानव दुर्गति

प्रभुको दिन २

३. प्रश्न: आफ्नो दुर्गतिको बारेमा तपाईंले कसरी थाहा पाउनुहुन्छ ?
उत्तर: परमेश्वरको व्यवस्थाले मलाई बताउँछ ।[१]

[१]रोमी ३:२०; ७:७-२५

४. प्रश्न: परमेश्वरको व्यवस्थाले हामीबाट के माग गर्छ ?
उत्तर: येशूले हामीलाई यसको बारेमा सङ्क्षिप्त रुपमा मत्ती २२ अध्यायमा यसरी सिकाउनुहुन्छ –
परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले,
र आफ्नो सारा शक्तिले, र आफ्नो सारा समझले प्रेम गर्नु ।[१]
महान् र प्रथम आज्ञा यही हो ।
र दोस्रो पनि त्यस्तै छ:
तैँले आफ्नो छिमेकीलाई आफैँलाई जस्तै प्रेम गर्नु ।[२]
सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको
आधारमा नै यी दुई आज्ञाहरू हुन् ।

[१]व्यवस्था ६:५
[२]लेवी १९:१८

५. प्रश्न: के तपाईं यी सबै कुराहरूमा सिद्ध प्रकारले जिउन सक्नुहुन्छ ?
उत्तर: अहँ, सक्दिनँ ।[१]
म भित्र परमेश्वर र मेरो छिमेकीलाई घृणा गर्ने स्वभाविक प्रवृत्ति छ ।[२]

[१]रोमी ३:९-२०, २३; १ यूहन्ना १:८, १०
[२]उत्पत्ति ६:५; यर्मिया १७:९; रोमी ७:२३-२४; ८:७; एफिसी २:१-३; तितस ३:३

प्रभुको दिन ३

६. प्रश्न: के परमेश्वरले मानिसलाई यस्तै दुष्ट र भ्रष्ट रुपमा सृष्टि गर्नुभयो ?
उत्तर: अहँ, गर्नु भएन ।
परमेश्वरले उनीहरूलाई असल[१] र उहाँको आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो,[२]
त्यसको अर्थ, साँचो धार्मिकतामा र पवित्रतामा बनाउनुभयो,[३]
जसले गर्दा मानिसहरूले परमेश्वर आफ्ना सृष्टिकर्तालाई साँचो रुपमा चिन्न सकुन्,

उहाँलाई आफ्नो सारा हृदयले प्रेम गर्न सकुन्,
र उहाँको प्रशंसा र महिमाको निम्ति उहाँसँगै अनन्तको खुशीमा जिउन सकुन् ।[५]

[१]उत्पत्ति १:३१
[२]उत्पत्ति १:२६-२७
[३]एफिसी ४:२४
[४]कलस्सी ३:१०
[५]भजनसंग्रह ८

७. प्रश्नः त्यसो भए मानिसको यो भ्रष्ट स्वभाव कहाँबाट आउँछ ?
उत्तरः हाम्रो पहिलो बुबाआमा आदम र हव्वाले अदनको बगैंचामा गरेको अनाज्ञाकारिता र पतनबाट ।[१]
यस पतनले हाम्रो स्वभावलाई यत्तिविध्न दुषित तुल्याएको छ[२]
कि हामी पापमय अवस्थामा गर्भधारण हुन्छौं र जन्मन्छौं ।[३]

[१]उत्पत्ति ३
[२]रोमी ५:१२, १८-१९
[३]भजनसंग्रह ५१:५

८. प्रश्नः तर के हामी यत्तिविध्न भ्रष्ट छौं र, कि हामी पूर्णरुपले कुनैपनि असल काम गर्न असमर्थ छौं
र सधै दुष्टतातर्फ मात्र झुकिरहन्छौं ?
उत्तरः हो,[१] जबसम्म हामी परमेश्वरको आत्माद्धारा नयाँ गरि जन्मदैनौं,
तबसम्म्म हामी दुष्टतातर्फ मात्र झुकिरहन्छौं ।[२]

[१]उत्पत्ति ६:५; ८:२१; अय्यूव १४:४; यशैया ५३:६
[२]यूहन्ना ३:३-५

प्रभुको दिन ४

९. प्रश्नः तर जुन व्यवस्था हामी पालन गर्न असमर्थ छौं त्यसको पालनाको माग गरेर के परमेश्वरले हामी माथि अन्याय गर्नुभएको छैन र ?
उत्तरः अहँ छैन, परमेश्वरले मानवजातिलाई व्यवस्था पालन गर्न सक्ने क्षमतासँगै बनाउनुभयो ।[१]
यद्यपि, उनीहरू, दुष्टद्धारा परिक्षित भए,[२]
जान्दाजान्दै अनाज्ञाकारितामा,[३] उनीहरू आफैंले र उनीहरूको सबै सन्तानबाट यी वरदानहरू गुमाए।[४]

[१]उत्पत्ति १:३१; एफिसी ४:२४
[२]उत्पत्ति ३:१३; यूहन्ना ८:४४
[३]उत्पत्ति ३:६
[४]रोमी ५:१२, १८,१९

१०. प्रश्नः के परमेश्वरले यस्तो अनाज्ञाकारिता र विद्रोहलाई विना सजाय छाड्नुहुन्छ ?

उत्तर: अवश्य पनि छाड्नुहुन्न ।
हामीले जन्मजातै लिएर आएका हाम्रा पापहरू,
साथै हामीले व्यक्तिगत रुपमा गरेका पापहरू देखि उहाँ अत्यन्त क्रोधित हुनुहुन्छ ।

एक सच्चा न्यायकर्ताको रुपमा
उहाँले तिनीहरूलाई अहिले अनि अनन्ततामा सजाय दिनुहुन्छ ।[१]

उहाँले यसरी घोषणा गर्नुभएको छ:

"व्यवस्थाका पुस्तकमा लेखिएका सबै कुराहरू पालन नगर्ने हरेक श्रापित होस्" ।[२]

[१]प्रस्थान ३४:७; भजनसंग्रह ५:४-६; नहेम्याह १:२; रोमी १:१८; एफिसी ५:६; हिब्रु ९:२७
[२]गलाती ३:१०; व्यवस्था २७:२६

११. प्रश्न: तर के परमेश्वर कृपालु पनि हुनुहुन्न र ?
उत्तर: अवश्य पनि परमेश्वर कृपालु हुनुहुन्छ,[१]
तर उहाँ न्यायी पनि हुनुहुन्छ ।[२]
उहाँको न्यायले यो माग गर्दछ,
कि उहाँको सर्वश्रेष्ठ प्रताप विरुद्ध गरिएका हरेक पापको सजाय
कठोर दण्डसहित शरीर र प्राण अनन्तका लागि दण्डित हुनुपर्दछ ।[३]

[१]प्रस्थान ३४:६-७; भजनसंग्रह १०३:८-९
[२]प्रस्थान ३४:७; व्यवस्था ७:९-११; भजनसंग्रह ५:४-६; हिब्रु १०:३०-३१
[३]मत्ती २५:३५-४६

## भाग २: छुटकारा
प्रभुको दिन ५

१२. प्रश्न: परमेश्वरको धार्मिक न्यायअनुसार,
हामी वर्तमान र अनन्तकालसम्मको सजायको योग्य छौं:
तर अब हामी यस सजायबाट उम्कन अनि परमेश्वरको कृपामा कसरी फर्कन सक्छौं ?
उत्तर: परमेश्वर चाहनुहुन्छ कि उहाँको न्याय सन्तुष्ट पारियोस् ।[१]
त्यसैले हामीद्धारा वा अरू कसै दोश्रो व्यक्तिद्वारा
उहाँको न्यायको माग पूर्ण रुपमा तिरिनैपर्दछ ।[२]

[१]प्रस्थान २३:७; रोमी २:१-११
[२]यशैया ५३:११; रोमी ८:३-४

१३. प्रश्न: के हामी आफैंले यो तिर्न सक्छौं ?
उत्तर: अवश्य पनि सक्दैनौं ।
वास्तवमा, हामी हाम्रो अधर्म प्रत्येक दिन बढाउछौं ।[१]

[1]मत्ती ६:१२; रोमी ३:४-५

१४. प्रश्न: के हाम्रो लागि अरू कुनै प्राणीले यो अधर्मको ऋण तिरिदिन सक्छ ?
उत्तर: अहँ, सक्दैन ।
प्रथमत,
परमेश्वरले मानिसहरूको दोषको कारण अरू प्राणीलाई सजाय दिनुहुन्न ।[1]
त्यस बाहेक,
कुनै पनि प्राणीले पाप विरुद्धको परमेश्वरको अनन्त क्रोधको बोझ बोक्न सक्दैन
र अरूलाई यस अधर्मको ऋणबाट मुक्त पार्न सक्दैन ।[2]

[1]इजकिएल १८:४, २०; हिब्रु २:१४-१८
[2]भजनसंग्रह ४९:७-९; १३०:३

१५. प्रश्न: त्यसो भने, हामीले कस्तो प्रकारको मध्यस्तकर्ता र उद्धारकर्ता खोज्नुपर्छ ?
उत्तर: एक त्यस्तो जो वास्तवमै मानव[1] र सत्प्रतिशत धार्मिक,[2]
तर सबै प्राणीहरू भन्दा शक्तिशाली,
तसर्थ, एक व्यक्ति जो वास्तवमै परमेश्वर पनि हुनुहुन्छ ।[3]

[1]रोमी १:३; १ कोरिन्थी १५:२१; हिब्रु २:१७
[2]यशैया ५३:९; २ कोरिन्थी ५:२१; हिब्रु ७:२६
[3]यशैया ७:१४; ९:६; यर्मिया २३:६; यूहन्ना १:१

प्रभुको दिन ६
१६. प्रश्न: किन यो मध्यस्थकर्ता साँचो मानव र धर्मी व्यक्ति हुनैपर्छ ?
उत्तर: मानव स्वभाव, जसले पाप गरेको छ,
उसले आफ्नो पापको मूल्य तिर्नैपर्छ भनि परमेश्वरको न्यायले माग गर्दछ[1]
तर एक पापीले अरू पापीहरूको मूल्य कहिल्यै तिर्न सक्दैन ।[2]

[1]रोमी ५:१२, १५:१; १ कोरिन्थी १५:२१; हिब्रु २:१४-१६
[2]हिब्रु ७:२६-२७; १ पत्रुस ३:१८

१७. प्रश्न: किन मध्यस्थकर्ता साँचो परमेश्वर हुनैपर्छ ?
उत्तर: ताकि,
मध्यस्थकर्ताको ईश्वरीय शक्तिद्धारा,
उहाँले आफ्नो मानवतामा परमेश्वरको क्रोधको बोझ बोक्न सकून्
अनि हाम्रा लागि धार्मिकता[ख] र जीवन प्राप्त गर्न र पुनर्स्थापना[ग] गर्न सकून् ।[1]

[ख] धार्मिकता नैतिक सिद्धताको गुण हो जुन परमेश्वरसँग मात्र छ र हामीमा येशु ख्रीष्टद्वारा प्रदान गरिएको छ ।
[ग] पुर्नस्थापना भनेको मानिसको पतन अघिको कुराहरूको येशु ख्रीष्टद्वारा पुन प्राप्ति हो । साधारण बुझाइमा पुर्नस्थापना भनेको पतित मानिसको आत्मिकी र नैतिकताको पुनजीवन हो र बृहत बुझाइमा यसको अर्थ सारा सृष्टिलाई पापको कलंकबाट उद्धार गरि पाप रहित नयाँ सृष्टि गर्नु हो जुन ख्रीष्टको दोश्रो आगमनमा पुरा हुनेछ । ख्रीष्टमा उद्धार पाएका हामी पनि उहाँसँगै पुर्न स्थापनाको लागि काम गर्ने प्रभुको राज्यको सेवकहरू हौ ।

[१]यशैया ५३; यूहन्ना ३:१६; २ कोरिन्थी ५:२१

१८. प्रश्न: त्यसो भए यो मध्यस्थकर्ता को हुनुहुन्छ –
जो साँचो परमेश्वर र एकै समयमा
सत्य अनि धर्मी मानिस पनि हुनुहुन्छ ?
उत्तर: प्रभु येशू ख्रीष्ट[१] हाम्रो मध्यस्थकर्ता हुनुहुन्छ,
जो हामीलाई पूर्ण रुपमा स्वतन्त्र बनाउन
र परमेश्वरसँग हाम्रो सम्बन्ध ठिक बनाउन हाम्रो लागि दिइएको छ ।[२]

[१]मत्ती १:२१-२३; लूका २:११; १तिमोथी २:५
[२]१ कोरिन्थी १:३०

१९. प्रश्न: तपाईंले यो कुरा कसरी थाहा पाउनुहुन्छ ?
उत्तर: पवित्र सुसमाचारले मलाई बताउँछ ।
परमेश्वर स्वयम्ले यस सुसमाचारलाई अदनको बगैंचामा प्रकट गर्न सुरु गर्नुभयो,[१]
पछि, उहाँले पवित्र पुर्खाहरू[२] र अगमवक्ताहरूद्धारा,[३]
यसलाई घोषणा गर्नुभयो,
र बलिदानहरू[घ] र व्यवस्थाका अरू धार्मिक विधि-विधानहरूद्धारा,
यसलाई पूर्वचित्रण[ङ] गर्नुभयो[४], अन्तमा उहाँले आफ्नै पुत्रद्धारा यसलाई पूरा गर्नुभयो ।[५]

[१]उत्पत्ति ३:१५
[२]उत्पत्ति २२:१८; ४९:१०
[३]यशैया ५३; यर्मिया २३:५-६; मीका ७:१८-२०; प्रेरित १०:४३; हिब्रु १:१-२
[४]लेवी १-७; यूहन्ना ५:४६; हिब्रु १०:१-१०
[५]रोमी १०:४; गलाती ४:४-५; कलस्सी २:१७

## प्रभुको दिन ७

२०. प्रश्न: जसरी आदमद्धारा सबै मरेका थिए
के त्यसरी नै ख्रीष्टद्धारा सबै बचाइन्छन् त ?
उत्तर: अहँ, होइन ।
ती मात्र बचाइन्छन् जो साँचो विश्वासद्धारा ख्रीष्टमा कलमी[च] गरिएका छन्
र उहाँका सबै आशिष्हरू स्वीकार गरेका छन् ।[१]

---

[घ] बलिदान भनेको आफ्नो पापको लेखा मेटाउन अरु कसैको (मूलत: पशुपक्षीहरूको) रगत बगाउनु हो । बाइबलमा पाँचवटा बलिदानहरूको कुरा गरिएको छ: होमबली, अन्नबली, मेलबली, पापबाली र दोषबाली (लेवी १–६) जसलाई येशु ख्रीष्टले कलवरीको क्रुसमा आफै बली भएर अन्त्य गर्नु भयो । ख्रीष्टको यो कार्यमा परमेश्वरको पाप प्रतिको क्रोध पनि शान्त भयो । अब हामीले विश्वास सहितको जीवनबाट कृतज्ञता र ओठबाट धन्यवादको बली बाहेक अरु कुनै प्रकारको बलिदान चढाउनु हुँदैन ।
[ङ] येशु ख्रीष्टले गर्ने कामहरूको पुरानो करारमा व्यक्ति र विधिहरूद्धारा अग्रिम संकेतलाई पुर्वचित्रण भनिन्छ । पुर्वचित्रण येशुमा पुरा र अन्त्य पनि भएको छ ।
[च] कलमीको शाब्दिक अर्थ चाहिँ एउटा रुखको हाँगा काटी अर्को रुखमा गाँसेर हुर्काउनु हो । यही अर्थलाई पृष्ठभूमिमा राखी यहाँ कलमी भनेको पापमय स्वभाव र मृत्युले राज गर्ने जीवनबाट अलगिएर  विश्वासद्वारा अनन्त जीवनको मूल ख्रीष्टमा गाँसिनु हो ।

[१]मत्ती ७:१४; यूहन्ना ३:१६, १८, ३६; रोमी ११:१६-२१

२१. प्रश्न: साँचो विश्वास के हो ?
    उत्तर: साँचो विश्वास भनेको
        परमेश्वरले आफ्नो वचनमा प्रकाश गर्नुभएका सबै कुरा साँचो हुन् भन्ने कुराको
        ज्ञान र विश्वास मात्र होइन,[१]
        यो सम्पूर्ण हृदयको भरोसा पनि हो,[२]
        जुन ममा पवित्र आत्माले[३] सुसमाचारद्धारा[४] सृष्टि गरिएको छ,

        परमेश्वरले अरूलाई मात्र होइन, मलाई पनि पापहरूको क्षमादान,
        अनन्तको धार्मिकता र उद्धार[छ] सित्तैमा दिनुभएको छ ।

        यी पूर्ण अनुग्रहका उपहारहरू केवल खीष्टको आर्जनद्धारा मात्र दिइन्छन् ।[७]

[१]यूहन्ना १७:३, १७; हिब्रु ११:१-३; याकूव २:१९
[२]रोमी ४:१८-२१; ५:१; १०:१०; हिब्रु ४:१४-१६
[३]मत्ती १६:१५-१७; यूहन्ना ३:५; प्रेरित १६:१४
[४]रोमी १:१६; १०:१७; १ कोरिन्थी १:२१
[५]रोमी ३:२१-२६; गलाती २:१६; एफिसी २:८-१०
[६]गलाती २:२०
[७]रोमी १:१७; हिब्रु १०:१०

२२. प्रश्न: तब एक खीष्टियनले के कुरामा विश्वास गर्नैपर्छ ?
    उत्तर: परमेश्वरले हामीलाई सुसमाचारमा प्रतिज्ञा गर्नुभएका सबै कुराहरू ।[१]
        जुन कुराहरू हाम्रो विश्वव्यापी र अविभाजित इसाई विश्वासको सारद्धारा सङ्क्षिप्त रुपमा सिकाइएको कुरामा विश्वास गर्नुपर्छ ।

[१]मत्ती २८:१८-२०; यूहन्ना २०:३०-३१

२३. प्रश्न: यी विश्वासका सारहरू के-के हुन् ?
    उत्तर: म विश्वास गर्दछु, एक परमेश्वर सर्वशक्तिमान् पिता,
        स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि ।

        अनि उहाँको एकले पुत्र, हाम्रा प्रभु येशू खीष्टमाथि,
        जो पवित्र आत्माद्धारा गर्भधारण हुनुभयो,
        र कन्या मरियमबाट जन्मनुभयो,
        जसले पन्तियस पिलातसको अधीनमा दु:ख भोग्नुभयो,
        जो क्रुसमा टाँगिनुभयो, मारिनुभयो, र गाडिनुभयो,
        उहाँ नरक लोकमा उत्रनुभयो ।
        तेस्रो दिनमा उहाँ मृत्युबाट बौरी उठ्नुभयो,

[छ] उद्धार परमेश्वरको गुण अनि खीष्टद्वारा हामीले सित्तैमा प्राप्त गर्ने उपहार हो जसको कारण हामी हाम्रा पापहरूदेखि मुक्त र परमेश्वरको धार्मिक न्यायदेखि टाढा छौं ।

स्वर्गलोक चढिजानुभयो
र सर्वशक्तिमान् परमेश्वर पिताको दाहिने हाततर्फ बस्नुभएको छ ।
जहाँबाट उहाँ जीवित र मरेकाहरूको न्याय गर्न फेरि आउनुहुने छ ।

म विश्वास गर्दछु पवित्र आत्मामाथि,
पवित्र विश्व मण्डलीमाथि,
पवित्र जनहरूको सङ्गतिमाथि,
पाप मोचनमाथि,
र शरीरको पुनरुत्थानमाथि,
र अजम्मरी जीवनमाथि । आमिन् ।

प्रभुको दिन ८

२४. प्रश्न: विश्वासका यी सारहरूलाई कसरी विभाजित गरिएका छन् ?
उत्तर: तीन भागहरूमा विभाजित गरिएका छन्:
परमेश्वर पिता र हाम्रो सृष्टि,
पुत्र परमेश्वर र हाम्रो उद्धार,
पवित्र आत्मा परमेश्वर र हाम्रो शुद्धिकरण ।
२५. प्रश्न: यद्यपि परमेश्वर एक मात्र भए तापनि,[१]
किन तपाईं तीन व्यक्ति: पिता, पुत्र र पवित्र आत्माको कुरा गर्नुहुन्छ ?
उत्तर: किनभने त्यसरी नै परमेश्वरले आफैंलाई उहाँको वचनमा प्रकट गर्नुभएको छ:[२]
यी तीन भिन्न व्यक्तिहरू एक, सत्य, अनन्त परमेश्वर हुन् ।

[१]व्यवस्था ६:४; १कोरिन्थी ८:४, ६
[२]मत्ती ३:१६-१७; २८:१८-१९; लूका ४:१८; यशैया ६१:१०; यूहन्ना १४:२६; १५:२६; २ कोरिन्थी १३:१४; गलाती ४:६; तितस ३:५-६

## भाग २: उद्धार: परमेश्वर पिता

प्रभुको दिन ९

२६. प्रश्न: तपाईंले "म विश्वास गर्छु एक परमेश्वर सर्वशक्तिमान पिता,
स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि" भनेर विश्वास गर्नु भनेको के हो ?
उत्तर: हाम्रा प्रभु येशू ख्रीष्टको अनन्तका पिता,
जसले शून्यताबाट स्वर्ग र पृथ्वी,
र त्यसमा भएका सबैथोकको सृष्टि गर्नुभयो,[१]
जसले आफ्नो अनन्तको अभिप्राय[ज] र पूर्वप्रबन्धअनुसार,
यी सबै कुराहरूलाई थाम्नुहुन्छ र शासन गर्नुहुन्छ,[२]
उहाँ पुत्र ख्रीष्टको कारण मेरो परमेश्वर र पिता हुनुहुन्छ ।[३]

म उहाँमा यति भरोसा राख्छु कि कुनै पनि कुरामा शङ्का गर्दिन,

---

[ज] परमेश्वरको अभिप्राय उहाँको इच्छा हो जसद्वारा उहाँले हाम्रो रेखदेख गर्नु हुन्छ । यो परमेश्वरको हाम्रो जीवन प्रतिको योजना पनि हो जसलाई हामीले असल तरिकाले जीवन जिउन थाहा गर्ने पर्दछ ।

मेरो शरीर र प्राणलाई चाहिने सबैकुरा उहाँले जुटाउनुहुने छ,[४]
र यस दु:खी संसारमा उहाँले पठाउनुहुने सबै विपत्तिहरूलाई
उहाँले मेरो भलाईमा परिणत गर्नुहुने छ ।[५]

परमेश्वरले यी काम गर्न सक्नुहुन्छ किनभने उहाँ सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ,[६]
परमेश्वर यो काम गर्न चाहनुहुन्छ किनभने उहाँ एक विश्वासयोग्य पिता हुनुहुन्छ ।[७]

[१]उत्पत्ति १ र २; प्रस्थान २०:११; भजनसंग्रह ३३:६; यशैया ४४:२४; प्रेरित ३:२४; १४:१५
[२]भजनसंग्रह १०४; मत्ती ६:३०; १०:२९; एफिसी १:११
[३]यूहन्ना १:१२-१३; रोमी ८:१५-१६; गलाती ४:४-७; एफिसी १:५
[४]भजनसंग्रह ५५:२२; मत्ती ६:२५-२६; लूका १२:२२-३१
[५]रोमी ८:२८
[६]उत्पत्ति १८:१४; रोमी ८:३१-३९
[७]मत्ती ७:९-११

प्रभुको दिन १०

२७. प्रश्न: परमेश्वरको पूर्वप्रबन्ध भन्नाले तपाईं के बुझ्नुहुन्छ ?
उत्तर: पूर्वप्रबन्ध भनेको,
परमेश्वरको सर्वशक्ति र अनन्तको शक्ति[१]
जसद्वारा उहाँले आफ्नो हातले थामेजस्तै गरी,
स्वर्ग र पृथ्वी र सबै प्राणीहरूलाई थाम्नुहुन्छ,[२]
र तिनीहरूलाई शासन गर्नुहुन्छ ।
वास्तवमा विरुवा र पात पतिङ्गर,
झरी र खडेरी,
सहकाल र अनिकाल,
भोजन र पानी,
स्वास्थ्य र विमारी,
समृद्धि र गरिबी –[३]
यी सबै कुराहरू, हामीकहाँ संयोगले आउँदैनन्[४]
तर पिताको हातद्वारा आउँछ ।[५]

[१]यर्मिया २३:२३-२४; प्रेरित १७:२४-२८
[२]हिब्रु १:३
[३]यर्मिया ५:२४; प्रेरित १४:१५-१७; यूहन्ना ९:३; हितोदेश २२:२
[४]हितोपदेश १६:३३
[५]मत्ती १०:२९

२८. प्रश्न: परमेश्वरको सृष्टि र पूर्वप्रबन्धको ज्ञानले हामीलाई कसरी सहायता गर्दछ ?
उत्तर: जब कुराहरू हाम्रो प्रतिकूल हुन्छन् तब हामी धैर्य हुन सक्छौं,[१]
जब कुराहरू हाम्रो अनुकूल हुन्छन् तब हामी धन्यवादी हुन सक्छौं,[२]
र भविष्यको लागि हामी हाम्रो विश्वासयोग्य परमेश्वर र पितामा भरोसा गर्न सक्छौं
कि कुनै पनि कुराहरूले हामीलाई उहाँको प्रेमबाट अलग गर्न सक्दैन् ।[३]
सबै प्राणीहरू पूर्ण रुपमा उहाँको हातमा छन्

अनि उहाँको इच्छा विपरीत तिनीहरू न त हलचल हुन्छन् न त हलचल गराउन नै सकिन्छ ।[४]

[१]अय्यूव १:२१-२२; याकूब १:३
[२]व्यवस्था ८:१०; १ थेसोलिनिकी ५:१८
[३]भजनसंग्रह ५५:२२; रोमी ५:३-५; ८:३८-३९
[४]अय्यूव १:१२; २:६; हितोपदेश २१:१; प्रेरित १७:२४-२८

## भाग २: उद्धारः पुत्र परमेश्वर

प्रभुको दिन ११

२९. प्रश्न: किन परमेश्वरको पुत्रलाई येशू भनियो जसको अर्थ मुक्तिदाता हो ?
उत्तर: किनभने उहाँले हामीलाई हाम्रो पापहरूबाट बचाउनुहुन्छ। [१]
मुक्ति कसैमा खोजिनुहुँदैन र यो अरू कसैमा पनि पाउन सकिँदैन ।[२]

[१]मत्ती १:२१; हिब्रु ७:२५
[२]यशैया ४३:११; यूहन्ना १५:५; प्रेरित ४:११-१२; १ तिमोथी २:५

३०. प्रश्न: के जसले आफ्नो मुक्ति र सुरक्षाको लागि
सन्तहरूमा, आफैँमा, अथवा अरू कतै हेर्दछन् भने
उनीहरूले साँच्चै येशू एकमात्र मुक्तिदाता हुन् भनि विश्वास गर्छन् ?
उत्तर: अहँ, गर्दैनन् ।
यद्यपि उनीहरूले उहाँको हुँ भनि दावी गरे तापनि,
उनीहरूको कामहरूद्धारा उनीहरूले एकमात्र मुक्तिदाता र
उद्धारकर्ता, येशूलाई इन्कार गर्छन् ।[१]

कि त येशू सिद्ध मुक्तिदाता हुनुहुन्न,
अथवा ती जसले साँचो विश्वासका साथ यी मुक्तिदातालाई स्वीकार गर्छन् भने उनीहरूको मुक्तिको लागि चाहिने सबैकुरा उहाँमा नै प्राप्त गर्छन् ।

[१]१ कोरिन्थी १:१२-१४; गलाती ५:४
[२]कलस्सी १:१९-२०; २:१०; १ यूहन्ना १:७

प्रभुको दिन १२

३१. प्रश्न: किन उहाँलाई "ख्रीष्ट" भनियो,
जसको अर्थ "अभिषिक्त" हुन्छ ?
उत्तर: किनकि उहाँ हाम्रो प्रधान अगमवक्ता र शिक्षक[२] हुनलाई
पिता परमेश्वरबाट नियुक्त र पवित्र आत्माद्धारा अभिषेक हुनुभएको छ[१]

जसले हाम्रो उद्धारको लागि परमेश्वरको गुप्तका अभिप्रायहरू
र ईच्छा पूर्णरुपले हामीलाई प्रकाश पार्नुहुन्छ;[३]

हाम्रो एक मात्र प्रधान पूजाहारी[४]
जसले हामीलाई उहाँको आफ्नै शरीरको बलिदानद्धारा स्वतन्त्र गर्नुभएको छ,[५]
र जसले लगातार हाम्रा निम्ति पिताको सामू बिन्ती चढाउनुहुन्छ,[६]
र हाम्रो अनन्तको राजा[७]
जसले हामीलाई उहाँको वचन र आत्माद्धारा शासन गर्नुहुन्छ,
र हाम्रो लागि विजय प्राप्त गर्नुभएको स्वतन्त्रतामा
हामीलाई सुरक्षा दिनुहुन्छ र जोगाउनुहुन्छ ।[८]

[१]लूका ३:२१-२२; ४:१४-१९; यशैया ६१:१०; हिब्रु १:९ (भजनसंग्रह ४५:७)
[२]प्रेरित ३:२२; व्यवस्था १८:१५०
[३]यूहन्ना १:१८; १५:१५
[४]हिब्रु ७:१७; भजनसंग्रह ११०:४०
[५]हिब्रु ९:१२; १०:११-१४
[६]रोमी ८:३४; हिब्रु ९:२४
[७]मत्ती २१:५; (जकरिया ९:९)
[८]मत्ती २८:१८-२०; यूहन्ना १०:२८; प्रकाश १२:१०-११

३२. प्रश्न: तर तपाईंलाई किन खीष्टियन भनि बोलाइन्छ ?
उत्तर: किनकि विश्वासद्धारा म खीष्टको एक अङ्ग हुँ,[१]
र त्यसैले म उहाँको अभिषेकको हिस्सेदार भएको छु ।[२]

उहाँको नाउँको स्वीकार गर्न,[३]
आफैँलाई उहाँको सामु धन्यवाद स्वरुप जिउँदो बलिका[ज्ञ] रुपमा प्रस्तुत गर्न,[४]
यस जीवनमा पाप र शैतानको विरुद्ध असल सचेतना साथ सङ्घर्ष गर्न,[५]
र यस पश्चात् खीष्टसँगै सबै सृष्टिमा अनन्तको लागि राज्य गर्न[६] म अभिषिक्त भएको छु ।

[१]१ कोरिन्थी १२:१२-२७
[२]प्रेरित २:१७ (योएल २:२८); १ यूहन्ना २:२७
[३]मत्ती १०:३२; रोमी १०:९-१०; हिब्रु १३:१५
[४]रोमी १२:१; १ पत्रुस २:५, ९
[५]गलाती ५:१६-१७; एफिसी ६:११; १ तिमोथी १:१८-१९
[६]मत्ती २५:३४; २ तिमोथी २:१२

प्रभुको दिन १३

३३. प्रश्न: किन उहाँलाई परमेश्वरको "एक मात्र पुत्र" भनिन्छ
जबकी हामी पनि उहाँको छोराछोरीहरू हौं ?
उत्तर: किनकि खीष्ट मात्र परमेश्वरको एक अनन्त, नैसर्गिक पुत्र हुनुहुन्छ ।[१]
तर हामीचाहिँ अनुग्रहबाट खीष्टद्धारा परमेश्वरको सन्तानको रुपमा ग्रहण गरिएका छोराछोरीहरू हौं ।[२]

---

[ज्ञ] जिउँदो बली भनेको परमेश्वरको इच्छा अभिप्रायलाई थाहा गर्दै शारीरिक अभिलाषालाई त्याग्दै अनि आत्मिकी र नैतिक रूपमा नवीकरण हुनु हो । (रोमी १२:१–२)

[1]यूहन्ना १:१-३, १४, १८; हिब्रु १
[2]यूहन्ना १:१२; रोमी ८:१४-१७; एफिसी १:५-६

३४. प्रश्न: तपाईं किन उहाँलाई "हाम्रो प्रभु" भनि सम्बोधन गर्नुहुन्छ ?
उत्तर: किनकि –
सुन र चाँदीले होइन,
तर उहाँको अनमोल रगतद्धारा –[1]
उहाँले हामीलाई पाप र शैतानको निरङ्कुशताबाट[2]
स्वतन्त्र बनाउनुभयो,
र हामीलाई शरीर र प्राणमा,
उहाँको आफ्नै हुनलाई[3] किन्नुभयो ।

[1]१ पत्रुस १:१८-१९
[2]कलस्सी १:१३-१४; हिब्रु २:१४-१५
[3]१ कोरिन्थी ६:२०; १ तिमाथी २:५-६

प्रभुको दिन १४

३५. प्रश्न: उहाँ "पवित्र आत्माद्धारा गर्भधारण हुनुभयो
र कन्या मरियमबाट जन्मनुभयो" भन्नुको अर्थ के हो ?
उत्तर: परमेश्वरको एक मात्र अनन्तको पुत्र
जो साँचो र अनन्त परमेश्वर हुनुहुन्छ र हुनुहुने छ,[1]
उहाँ पवित्र आत्माको कामद्धारा[2]
कन्या मरियमको रगत र मासुबाट,[3]
आफैंमा एक साँचो मानवीय रुप धारण गर्नुभयो
ताकि उहाँ पाप बाहेक[5] अरू सम्पूर्ण तवरमा,
आफ्ना दाजुभाईहरू जस्तै[6] दाउदको साँचो सन्तान बन्न सक्नुभएको होस् ।[4]

[1]यूहन्ना १:१; १०:३०-३६; प्रेरित १३:३३ (भज २:७); कलस्सी १:१५-१७; १ यूहन्ना ५:२०
[2]लूका १:३५
[3]मत्ती १:१८-२३; यूहन्ना १:१४; गलाती ४:४; हिब्रु २:१४
[4]२ समूएल ७:१२-१६; भजनसंग्रह १३२:११; मत्ती १:१; रोमी १:३
[5]फिलीप्पी २:७; हिब्रु २:१७
[6]हिब्रु ४:१५; ७:२६-२७

३६. प्रश्न: ख्रीष्टको पवित्र गर्भधारण र जन्मले कसरी तपाईंलाई लाभ पुऱ्याउँछ ?
उत्तर: उहाँ हाम्रो मध्यस्थकर्ता हुनुहुन्छ,[1]
र उहाँको निर्दोष र सिद्ध पवित्रताद्धारा
उहाँले परमेश्वरको नजरबाट
गर्भ अवस्थाबाटै भएको मेरो पाप हटाउनुहुन्छ ।[2]

[1]१ तिमोथी २:५-६; हिब्रु ९:१३-१५
[2]रोमी ८:३-४; २ कोरिन्थी ५:२१; गलाती ४:४-५; १ पत्रुस १:१८-१९

प्रभुको दिन १५

३७. प्रश्न: "दु:ख भोग्नुभयो" भन्ने शब्दलाई तपाईं कसरी बुझ्नुहुन्छ ?
उत्तर: पृथ्वीमा रहँदा उहाँको सम्पूर्ण जीवन,
अझ विषेशगरी जीवनको अन्ततिर,
ख्रीष्टले आफ्नो शरीर र प्राणमा
सम्पूर्ण मानवजाति विरुद्धको परमेश्वरको क्रोध[१] बोक्नुभयो ।

उहाँको कष्टमय एक मात्र पवित्र प्रायश्चितको बलिदानद्धारा,[२]
उहाँले हाम्रो शरीर र प्राणलाई
अनन्तको यातनाबाट स्वतन्त्र तुल्याउन[३]
परमेश्वरको अनुग्रह,
धार्मिकता,
र अनन्त जीवन[४]
हाम्रो लागि प्राप्त गर्न दु:ख भोग्नुभयो ।

[१]यशैया ५३, १पत्रुस २:२४; ३:१८
[२]रोमी ३:२५; हिब्रु १०:१४; १ यूहन्ना २:२; ४:१०
[३]रोमी ८:१-४; गलाती ३:१३
[४]यूहन्ना ३:१६; रोमी ३:२४-२६

३८. प्रश्न: किन उहाँले न्यायधीस "पन्तियस पिलातसको अधिनमा" दु:ख भोग्नुपर्यो?
उत्तर: ताकि उहाँ, निर्दोष भए तापनि,
एक नागरिक न्यायधीशद्धारा दोषी ठहरिन सकून,[१]
अनि हामी माथि परिआउने परमेश्वरको कठोर न्यायबाट
हामीलाई स्वतन्त्र बनाउन सकून् ।[२]

[१]लूका १३:२३-२४; यूहन्ना १९:४, १२-१६
[२]यशैया ५३:४-५; २ कोरिन्थी ५:२१; गलाती ३:१३

३९. प्रश्न: उहाँले अरू तरिकाहरूबाट मृत्युवरण गर्नुको साटो "क्रुसमा नै मृत्युवरण" गर्नुले के महत्व राख्छ?
उत्तर: हो, यो महत्वपूर्ण छ ।
यो प्रकारको मृत्युले
म माथि राखिएका श्रापहरू उंहाले आफ्नो कांधमा बोक्नुभयो
भन्ने कुराको विस्वस्तता मलाई दिलाउछ
किनकि क्रुसमा झुण्ड्याइनु परमेश्वरबाटको श्राप हो ।[१]

[१]गलाती ३:१०-१३ (व्यवस्था २१:२३)

प्रभुको दिन १६

४०. प्रश्न: किन ख्रीष्टले मृत्युको कष्ट भोग्नु आवश्यक थियो?
उत्तर: किनकि परमेश्वरको न्याय र सत्यताले त्यसको माग गर्दछ:[१]
परमेश्वरको पुत्रको मृत्युले मात्र हाम्रा पापहरूको मूल्य तिर्न सक्दथ्यो ।[२]

[1]उत्पत्ति २:१७
[2]रोमी ८:३-४; फिलीप्पी २:८; हिब्रु २:९

४१. प्रश्न: उहाँ किन "गाडिनुभयो" ?
उत्तर: उहाँको दफनले यो प्रमाणित गर्छ,
कि उहाँ साच्चै नै मर्नु भयो ।[1]

[1]यशैया ५३:९; यूहन्ना १९:३८-४२; प्रेरित १३:२९; १ कोरिन्थी १५:३-४

४२. प्रश्न: ख्रीष्ट हाम्रो लागि मरिसके तापनि,
अझै पनि हामी  किन मर्नै पर्छ?
उत्तर: हाम्रो मृत्युले हाम्रा पापहरूको ऋण चुक्ता गर्दैन ।[1]
तर, यसले पाप गरिरहने क्रमहरूको अन्त्य गर्दछ
साथै यो हाम्रो लागि अनन्त जीवनको प्रवेशद्वार हो ।[2]

[1]भजनसंग्रह ४९:७
[2]यूहन्ना ५:२४; फिलिप्पी १:२१-२३; १ थेसलोनिकी ५:९-१०

४३. प्रश्न: ख्रीष्टको क्रुसको बलिदान र मृत्युबाट हामी अरू के के लाभहरू प्राप्त गर्दछौं ?
उत्तर: ख्रीष्टको शक्तिद्धारा
हाम्रो पुरानो स्वभावहरू क्रुसमा टाँगिएका छन्, मारिएका छन् र उहाँसगै गाडिएका छन[1]
ताकि शरीरको दुष्ट अभिलाषाहरूले अब उप्रान्त हामीलाई शासन गर्दैन[2]
तर त्यसको सट्टामा हामी आफुले आफैंलाई उहाँ सामु कृतज्ञताको बलिदान[ञ] अर्पण गर्न सकौं ।[3]
[1]रोमी ६:५-११; कलस्सी २:११-१२
[2]रोमी ६:१२-१४
[3]रोमी १२:१ एफिसी ५:१-२
४४. किन विश्वासको सारले "उहाँ नरकलोकमा उत्रनु भयो" भन्ने वाक्यांश थपेको छ ?
उत्तर: मेरो आफ्ना व्यक्तिगत संकष्ट र परिक्षामा मलाई विश्वास दिलाउन,
ख्रीष्ट मेरो प्रभुले,
विषेश गरि क्रुसमा तर त्यो भन्दा अघि पनि,
उहाँले अवर्णनीय वेदना, पिडा र प्राणको क्रन्दन द्वारा,
मलाई नारकीय यातना र पिडाबाट छुटाउनुभएको छ ।[1]

[1]यशैया ५३; मत्ती २६:३६-४६; २७:४५-४६; लूका २२:४४; हिब्रु ५:७-१०

प्रभुको दिन १७

[ञ] कृतज्ञताको बलिदानले के संज्ञा गर्दछ भने रगत बगाएर बलिदान दिने कार्यको अन्त्य भयो । ख्रीष्टले गर्नु भएको कार्यहरूलाई सम्झी उहाँलाई धन्यवाद दिनु नै हामीले चढाउने अबको बलिदान हो जसलाई कृतज्ञताको बलिदान भनिन्छ ।

४५. प्रश्न: कसरी ख्रीष्टको पुनरुत्थानले हामीलाई लाभ पुर्याउँछ ?
उत्तर: प्रथम, पुनरुत्थानद्धारा उहाँले मृत्युमाथि विजयी प्राप्त गर्नुभएको छ,
ताकि उहाँले हामीलाई धार्मिकताका भागीदार बनाउन सकून
जुन हाम्रो लागि उहाँले आफ्नो मृत्युद्धारा उपलब्ध गराउनुभयो ।[1]

दोस्रो, उहाँको शक्तिद्धारा हामी पनि अघिबाटै नयाँ जीवनमा पुनरुत्थान भैसकेका छौं ।[2]

तेस्रो, ख्रीष्टको पुनरुत्थान हाम्रो महिमीत पुनरुत्थानको निश्चयता हो ।[3]

[1]रोमी ४:२५; १ कोरिन्थी १५:१६-२०; १ पत्रुस १:३-५
[2]रोमी ६:५-११; एफिसी २:४-६; कलस्सी ३:१-४
[3]रोमी ८:११; १ कोरिन्थी १५:१२-२३; फिलिप्पी ३:२०-२१

प्रभुको दिन १८

४६. प्रश्न: "उहाँ स्वर्गलोकमा चढिजानु भयो" भन्नुको अर्थ के हो ?
उत्तर: जब उहाँका चेलाहरूले हेरिरहेका थिए,
तब ख्रीष्ट पृथ्वीबाट स्वर्गतिर उचालिनुभयो[1]
र जिवीत र मृतकहरूको न्याय गर्न
फेरी नआउन्जेलसम्म,[2] उहाँ त्यहाँ हाम्रा भलाईको लागि रहनु हुनेछ ।[3]

[1]लूका २४:५०-५१; प्रेरित १:९-११
[2]प्रेरित १:११
[3]रोमी ८:३४; एफिसी ४:८-१०; हिब्रु ७:२३-२५; ९:२४

४७. प्रश्न: तर के उहाँले हामीलाई प्रतिज्ञा गरे अनुसार
संसारको अन्त्यसम्मै ख्रीष्ट हाम्रो साथमा नै हुनुहुन्न र ?[1]
उत्तर: ख्रीष्ट साँचो मानव र साँचो परमेश्वर हुनुहुन्छ ।
उहाँको मानव स्वभावमा ख्रीष्ट अहिले पृथ्वीमा हुनुहुन्न[2]
तर उहाँको ईश्वरत्व, ऐश्वर्य, अनुग्रह, र आत्मामा
उहाँ एक क्षण पनि हामीबाट अनुपस्थित हुनुहुन्न ।[3]

[1]मत्ती २८:२०
[2]प्रेरित १:९-११; ३:१९-२१
[3]मत्ती २८:१८-२०; यूहन्ना १४:१६-१९

४८. प्रश्न: यदि उहाँको मानवीय स्वभाव इश्वरीय स्वभाव भएको ठाउमा अनुपस्थित हुन्छ भने,
तब के यसले ख्रीष्टको दुई स्वभावहरू एक अर्कामा अलग अलग छन भन्ने बताउदैन ?
उत्तर: अवश्य पनि बताउदैन ।
उहाँको ईश्वरत्वको सिमितता नभएको
र सबै ठाँउहरूमा उपस्थित हुनसक्ने भएकोले,[1]
यो प्रत्यक्ष छ कि

खीष्टको ईश्वरत्व अवश्य पनि उहाँले धारण गर्नुभएको
मानवीय स्वभाव भन्दा बृहत छ,
उहाँको इश्वरत्व उहाँको मानवीय स्वभावमा वास गर्छ र व्यक्तिगत रुपमा एकीकृत भइरहन्छ ।[२]

[१]यर्मिया २३:२३-२४; प्रेरित ७:४८-४९ (यशैया ६६:१)
[२]यूहन्ना १:१४; ३:१३; कलस्सी २:९

४९. प्रश्न: खीष्टको स्वर्गारोहणले हामीलाई कसरी फाइदा पुर्याउँछ ?
उत्तर: पहिलो, उहाँले स्वर्गमा पिताको सामुन्ने हाम्रा पक्षमा विन्ति चढाउनु हुन्छ ।[१]

दोस्रो, हाम्रो आफ्नै शरीर स्वर्गमा हुनुचाहिँ खीष्ट जो हाम्रो शिर हुनुहुन्छ,
उहाँले उहाँको सदस्यहरूलाई
उहाँसँगै स्वर्गमा लैजानु हुन्छ ।[२] एउटा निश्चित प्रतिज्ञा हो।

तेस्रो, उहाँले आफ्नो आत्मालाई पृथ्वीमा
अझ उत्तम निश्चयताको लागि पठाउनुहुन्छ ।[३]
आत्माको शक्तिद्वारा
हामी हाम्रो जीवनमा
संसारिक कुराहरूको होइन्
तर स्वर्गीय कुराहरूको लक्ष्य बनाउछौं जहाँ खीष्ट हुनुहुन्छ,
र पिताको दाहिने बाहुलीतर्फ विराजमान हुनुहुन्छ ।[४]

[१]रोमी ८:३४; १ यूहन्ना २:१
[२]यूहन्ना १४:२; १७:२४; एफिसी २:४-६
[३]यूहन्ना १४:१६; २ कोरिन्थी १२:२१-२२; ५:५
[४]कलस्सी ३:१-४

प्रभुको दिन १९

५०. प्रश्न: "र पिताको दाहिने बाहुलीतर्फ विराजमान हुनुहुन्छ" भन्ने वाक्यांश किन राखिएको हो?
उत्तर: खीष्ट उहाँको मण्डलीको शिर हुनुहुन्छ,[१]
र पिताले सबै कुराहरूमा उहाँद्वारा नै शासन गर्नुहुन्छ[२] भन्ने देखाउनलाई खीष्ट स्वर्गमा उचालिनुभयो ।

[१]एफिसी १:२०-२३; कलस्सी १:८
[२]मत्ती २८:१८; यूहन्ना ५:२२-२३

५१. प्रश्न: हाम्रो शिर खीष्टको महिमाले हामीलाई कसरी लाभ पुर्याउँछ ?
उत्तर: पहिलो, उहाँका जनहरूलाई स्वर्गबाट वरदानहरू आफ्नो पवित्रआत्माद्वारा खन्याउनु हुन्छ ।[१]
दोस्रो, उहाँको शक्तिद्वारा उहाँले हामीलाई सबै शत्रुहरूबाट बचाउनुहुन्छ र सुरक्षित राख्नुहुन्छ ।[२]

[१]प्रेरित २:३३; एफिसी ४:७-१२
[२]भजनसंग्रह ११०:१-२; यूहन्ना १०:२७-३०; प्रकाश १९:११-१६

५२. प्रश्न: जिवीत र मृतकहरूलाई न्याय गर्न आउने ख्रीष्टको
पुनरागमनले तपाईंलाई कसरी सान्तवना दिन्छ ?
उत्तर: मेरा सबै दु:ख र सतावटहरूमा
म मेरा आँखाहरूलाई स्वर्गतिर उचाल्छु
सबैलाई न्याय गर्नुहुने एक मात्र न्यायकर्तालाई विश्वाससाथ प्रतिक्षा गर्छु
जो परमेश्वरको सामु मेरो खातिर न्यायको लागि खडा हुनुभयो
र सबै श्रापहरू मबाट हटाउनुभयो ।[१]
उहाँका र मेरा सबै शत्रुहरूलाई
ख्रीष्टले अनन्तको सजायको लागि दोषी ठहराउनुहुने छ,
तर म लगाएत सबै चुनिएकाहरूलाई
उहाँले उहाँसँगै आनन्द र स्वर्गीय महिमामा लैजानुहुने छ ।[२]

[१]लूका २१:२८; रोमी ८:२२-२५; फिलीप्पी ३:२०-२१; तितस २:१३-१४
[२]मत्ती २५:३१-४६; २ थेसलोनिकी १:६-१०

## भाग २: उद्धार: पवित्र आत्मा परमेश्वर

प्रभुको दिन २०

५३. प्रश्न: “पवित्र आत्मा” को बारेमा तपाईं के विश्वास गर्नुहुन्छ ?
उत्तर: पहिलो, उहाँ, पिता र पुत्रसँगै अनन्तको परमेश्वर हुनुहुन्छ ।[१]

दोस्रो, पवित्रआत्मा मलाई पनि दिइएको छ,[२]
जसको कारण साँचो विश्वासद्धारा,
उहाँले मलाई ख्रीष्ट र उहाँको सबै आशिषहरूमा साझेदार बनाउनु हुन्छ,[३]
मलाई सान्तवना दिनुहुन्छ,[४]
र मसँग सदाकालको लागि रहिरहनु हुनेछ ।[५]

[१]उत्पत्ति १:१-२; मत्ती २८:१९; प्रेरित ५:३-४
[२]१ कोरिन्थी ६:१९; २ कोरिन्थी १:२१-२२; गलाती ४:६
[३]गलाती ३:१४
[४]यूहन्ना १५:२६; प्रेरित ९:३१
[५]यूहन्ना १४:१६-१७; १ पत्रुस ४:१४

प्रभुको दिन २१

५४. प्रश्न: “एक मात्र पवित्र विश्वव्यापी मण्डली” को बारेमा तपाईं के विश्वास गर्नुहुन्छ ?
उत्तर: म विश्वास गर्दछु कि परमेश्वरको पुत्र
जसको आत्मा र वचनद्धारा,[१]
संसारको उत्पत्ति देखि त्यसको अन्तसम्ममा,[२] सबै मानव जातिहरूबाट,[३]
आफ्नै निमित्त अनन्त जीवनको लागि एउटा समुदाय भेला गर्नुहुन्छ, सुरक्षा दिनुहुन्छ, र जोगाइराख्नु हुन्छ,[४]जो साँचो विश्वासमा एक बनाइएका छन् ।[५]
र म यस समुदायको एक जिवित सदस्य हुँ,[६] र सधैंभरिको लागि रहने छु ।[७]

[1]यूहन्ना १०:१४-१६; प्रेरित २०:१८; रोमी १०:१४-१७; कलस्सी १:१८
[2]यशैया ५९:२१; १ कोरिन्थी ११:२६
[3]उत्पत्ति २६:३ख-४; प्रकाश ५:९
[4]मत्ती १६:१८; यूहन्ना १०:२८-३०; रोमी ८:२८-३०; एफिसी १:३-१४
[5]प्रेरित २:४२-४७; एफिसी ४:१-६
[6]१ यूहन्ना ३:१४, १९-२१
[7]यूहन्ना १०:२७-२८; १ कोरिन्थी १:४-९; १ पत्रुस १:३-५

५५. प्रश्न: "पवित्रहरूको सङ्गति" भन्नाले तपाईं के बुझ्नु हुन्छ ?
उत्तर: पहिलो, हरेक विश्वासीहरू यस समुदायको सदस्यहरूको रुपमा ख्रीष्टमा र उहाँमा भएका सबै खजनाहरू र वरदानहरूको साझेदार बन्छन् ।[1]

दोस्रो, प्रत्येक सदस्यहरूले ती वरदानहरूलाई कर्तव्य सम्झी
तत्परता र खुशीसाथ अरू सदस्यहरूको
भलाई र संवृद्धिको लागि प्रयोग गर्नु पर्दछ ।[2]

[1]रोमी ८:३२; १ कोरिन्थी ६:१७; १२:४-७, १२-१३; १ यूहन्ना १:३
[2]रोमी १२:४-८; १ कोरिन्थी १२:२०-२७; १३:१-७; फिलिप्पी २:४-८

५६. प्रश्न: "पापहरूको क्षमा"को बारेमा तपाईं के विश्वास गर्नुहुन्छ ?
उत्तर: म विश्वास गर्दछु कि,
ख्रीष्टको प्रायश्चितको बलिदानको कारण,
परमेश्वरले मेरा पापहरूको लेखा अब उप्रान्त राख्नुहुने छैन,[1]
न त मेरा पापी स्वभावको नै लेखा लिनुहुन्छ जसको विरुद्ध मैले मेरो जीवनकाल भरिनै सामना गर्नुपर्छ ।[2]

बरु, अनुग्रहद्धारा
परमेश्वरले मलाई सदाकालको लागि न्यायबाट स्वतन्त्रता दिनको लागि ख्रीष्टको धार्मिकता प्रदान गर्नुहुन्छ ।[3]

[1]भजनसंग्रह १०३:३-४, १०,१२; मीका ७:१८-१९; २ कोरिन्थी ५:१८-२१; १ यूहन्ना१:७; २:२
[2]रोमी ७:२१-२५
[3]यूहन्ना ३:१७-१८; रोमी ८:१-२

प्रभुको दिन २२

५७. प्रश्न: "शरीरको पुनरुत्थान" भन्ने वाक्यांशले तपाईंलाई कसरी सान्त्वना दिन्छ ?
उत्तर: यस जीवनको अन्त्य लगतै जीवनको मालिक ख्रीष्ट कहाँ मेरो प्राण मात्र लगिने छैन,[1]
तर मेरो शरीर पनि ख्रीष्टकै शक्तिद्धारा उठाइने छ,
र प्राणसँग एक गराइने छ
र ख्रीष्टको जस्तै महिमित शरीर[ट] बनाइने छ ।[2]

[1]लूका २३:४३; फिलीप्पी १:२१-२३

---

[ट] साधारण अर्थमा हाम्रो महिमित शरीर भनेको पाप रहित शरीर हो जुन हामीले ख्रीष्टको दोश्रो आगमनमा प्राप्त गर्दछौं । यो शरीर ख्रीष्टको पुनरुत्थान पछिको शरीर जस्तै हुनेछ, अमर, अविनाशी अनि अहंकारी ।

[2]१ कोरिन्थी १५:२०, ४२-४६, ५४; फिलिप्पी ३:२१; १ यूहन्ना ३:२

५८. प्रश्न: "अजम्बरी जीवन" भन्ने वाक्यांशले तपाईंलाई कसरी सान्त्वना दिन्छ ?
उत्तर: जसरी मैले मेरो ह्रदयमा अघिबाट नै
अनन्त आनन्दको महसुस गरि सकेँ,[1]
त्यसरी नै यस जीवनको अन्त्य पछि पनि
ममा सिद्ध आनन्द हुनेछ जुन

न कुनै आँखाले कहिल्यै देखेको छ,
न कुनै कानले सुनेको छ
न त कुनै मानव ह्रदयले कल्पना नै गरेको छ:
यस्तो आनन्द जहाँ परमेश्वरको प्रशंसा सधै हुनेछ ।[2]

[1]रोमी १४:१७
[2]यूहन्ना १७:३; १ कोरिन्थी २:९

प्रभुको दिन २३

५९. प्रश्न: यी सबै कुराहरूमाथिको विश्वासले तपाईंलाई के भलाई गर्दछ ?
उत्तर: ख्रीष्टमा परमेश्वरको सामु म धर्मी र अनन्त जीवनको उत्तराधिकारी हुँ ।[1]

[1]यूहन्ना ३:३६; रोमी १:१७ (हिब्रु २:४); रोमी ५:१-२

६०. प्रश्न: कसरी तपाईं परमेश्वरको सामु धर्मी हुनुहुन्छ ?
उत्तर: येशू ख्रीष्ट माथिको साँचो विश्वासद्धारा मात्र ।[1]

यद्यपि मेरो चेतनाले मलाई परमेश्वरका सबै आज्ञाहरू विरुद्ध गम्भिर पापहरू गरेको
र यी आज्ञाहरू कहिल्यै पालन नगरेकोमा दोष लगाएता पनि,[2]
र सबै दुष्ट कुराहरू प्रति मेरो झुकाव अझै रहीरहेता पनि,[3]
तथापि,
मैले पाउनु पर्ने दण्डहरूको बदला,[4]
उहाँको अचुक अनुग्रहबाट,[5]
मैले कहिल्यै पाप नगरेझैँ र पापी नै नभएजस्तो गरि
ख्रीष्ट मेरो लागि पूर्ण आज्ञाकारी भएजस्तै गरि
म पनि सोही बमोजिम आज्ञाकारी भएजस्तै,[6]
परमेश्वरले ख्रीष्टको पूर्ण सन्तुष्टता, धार्मिकता, र पवित्रता
ममा प्रदान गर्नुहुन्छ,[7]
अब मैले गर्नुपर्ने चाहिँ यति मात्र हो कि परमेश्वरको यो उपहारलाई मेरो विश्वासपूर्ण ह्रदयले स्वीकार गर्नु हो ।[8]

[1]रोमी ३:२१-२८; गलाती २:१६; एफिसी २:८-९; फिलिप्पी ३:८-११
[2]रोमी ३:९-१०

[3]रोमी ७:२३
[4]तितस ३:४-५
[5]रोमी ३:२४; एफिसी २:८
[6]रोमी ४:२४-२५; २ कोरिन्थी ५:२१
[7]रामी ४:३-५; उत्पत्ति १५:६०; २ कोरिन्थी ५:१७-१९; १ यूहन्ना २:१-२
[8]यूहन्ना ३:१८; प्रेरित १६:३०-३१

६१. प्रश्न: विश्वासद्धारा मात्र तपाईं परमेश्वरको सामु धर्मी हुनुहुन्छ भनेर तपाईं किन भन्नुहुन्छ ?
उत्तर: मेरो विश्वास उत्तम भएको कारणले
मैले परमेश्वरलाई प्रशन्न तुल्याएको होइन ।
तर ख्रीष्टको सन्तुष्टता, धार्मिकता, र पवित्रताले मात्र
मलाई परमेश्वरको सामु धर्मी बनाउँदछ ।[1]
र म विश्वासद्धारा बाहेक अरू कुनै माध्यमबाट
यो धार्मिकता प्राप्त गर्न र आफ्नो बनाउन सक्दिन ।[2]

[1]१ कोरिन्थी १:३०-३१
[2]रोमी १०:१०; १ यूहन्ना ५:१०-१२

प्रभुको दिन २४

६२. प्रश्न: किन हाम्रा असल कामहरू[ठ]
परमेश्वरको अघि हाम्रो धार्मीकता हुन सक्दैनन्,
अथवा, हाम्रो धार्मीकताका अंश पनि हुन सक्दैनन् ?
उत्तर: किनकि जुन धार्मिकता परमेश्वरको न्याय पार गर्छ त्यो पूर्ण रुपले सिद्ध हुनु पर्दछ

र प्रत्येक तहमा ईश्वरीय नियमको मापदण्ड अनुसार नापिनु पर्दछ ।[1]
तर हाम्रा जीवनका सबैभन्दा उत्तम कार्यहरू पनि अपूर्ण र पापका दाग लागेका हुन्छन् ।[2]

[1]रोमी ३:२०; गलाती ३:१० (व्यवस्था २७:२६)
[2]यशैया ६४:६

६३. प्रश्न: तपाईं कसरी भन्न सक्नुहुन्छ कि हाम्रा असल कामहरूको कुनै
श्रेय हुदैन जब कि परमेश्वरले यस जीवन र आउने जीवनमा इनाम दिने प्रतिज्ञा गर्नुभएको छ ?[1]
उत्तर: यो इनाम कामहरूद्धारा कमाइएको होइन्,
तर अनुग्रहका एउटा उपहार हो ।[2]

[1]मत्ती ५:१२; हिब्रु ११:६
[2]लूका १७:१०; २ तिमोथी ४:७-८

---

[ठ] हाम्रा असल कामहरूको उदेश्य उद्धार पाउनु होइन तर उद्धार पाए पनि अरूको सेवा गर्नु हो । असल कामहरू विश्वासको फल हो जसलाई प्रत्येक विश्वासीले फलाउनै पर्दछ ।

६४. प्रश्न: तर के यस प्रकारको शिक्षाले मानिसहरूलाई गैर जिम्मेवार र दुष्ट बनाउँदैन र ?

उत्तर: अवश्य पनि बनाउदैन् ।

साँचो विश्वासद्धारा ख्रीष्टमा कलमी गरिएकाहरूका लागि
कृतज्ञताका फलहरू नफलाउनु असम्भव हुन्छ ।[1]

[1]लूका ६:४३-४५; यूहन्ना १५:५

## भाग २: पवित्र विधिहरू

प्रभुको दिन २५

६५. प्रश्न: विश्वासद्धारा मात्र हामी ख्रीष्टमा उहाँका सम्पूर्ण आशिषहरूमा सहभागी हुन्छौं:
त्यसो भने यो विश्वास कहाँबाट आउँछ ?

उत्तर: पवित्र आत्माले हाम्रो ह्रदयमा पवित्र सुसमाचारको प्रचारद्धारा,[1]
विश्वास उत्पन्न गराउनु हुन्छ[2]
र हाम्रा पवित्र विधिहरूको प्रयोगद्धारा यसलाई सुनिश्चित गराउनु हुन्छ ।[3]

[1]रोमी १०:१७; १ पत्रुस १:२३-२५
[2]यूहन्ना ३:५; १ कोरिन्थी २:१०-१४; एफिसी २:८
[3]मत्ती २८:१९-२०; १ कोरिन्थी १०:१६

६६. प्रश्न: पवित्र विधिहरू के के हुन् ?

उत्तर: पवित्र विधिहरू देख्न सकिन पवित्र चिन्हहरू र छापहरू हुन् ।
यिनीहरूको प्रयोगद्धारा उहाँले हामीलाई सुसमाचारको प्रतिज्ञाको बारेमा अझ स्पष्ट बुझाउन र ती प्रतिज्ञामा उहाँको छाप लगाउन सक्नुभएको होस्[1] भनि तिनीहरूको स्थापना परमेश्वरद्धारा नै गरिएका हुन् ।

अनि परमेश्वरको सुसमाचारको प्रतिज्ञा यो हो:
ख्रीष्टको एक मात्र क्रुसको पूर्ण बलिदानको कारण
अनुग्रहद्धारा
परमेश्वरले हाम्रा पापहरू क्षमा र हामीलाई अनन्त जीवन दिनुहुन्छ ।[2]

[1]उत्पत्ति १७:११; व्यवस्था ३०:६; रोमी ४:११
[2]मत्ती २६:२७-२८; प्रेरित २:३८; हिब्रु १०:१०

६७. प्रश्न: त्यसो भए, के वचन र पवित्र विधिहरू दुबैले हाम्रो विश्वासलाई ख्रीष्टको क्रुसको बलिदान नै हाम्रो उद्धारको एकमात्र आधार हो भनि लक्षित गर्न खोजेको हो त ?

उत्तर: अवश्य हो ।

सुसमाचारमा पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ
र पवित्र विधिहरूद्धारा हामीलाई निश्चय गराउनुहुन्छ
कि हाम्रो सम्पूर्ण मुक्ति
क्रुस ख्रीष्टले हाम्रो लागि गर्नुभएको एक मात्र बलिदानमा भरपर्दछ ।[1]

[1]रोमी ६:३; १ कोरिन्थी ११:२६; गलाती ३:२७

६८. प्रश्न: नयाँ करारमा ख्रीष्टले कतिवटा पवित्र विधिहरू स्थापित गर्नुभयो ?
उत्तर: दुईवटा: बप्तिस्मा र प्रभु भोज ।[1]

[1]मत्ती २८:१९-२०; १ कोरिन्थी ११:२३-२६

## भाग २: पवित्र विधिहरू: बप्तिस्मा

प्रभुको दिन २६

६९. प्रश्न: ख्रीष्टको क्रुसको एक मात्र बलिदान व्यक्तिगत रुपमा तपाईंको लागि हो भनेर बप्तिस्माले तपाईंलाई कसरी याद र निश्चयता दिलाउँछ ?
उत्तर: यस प्रकारले:
ख्रीष्टले यस बाहिरी धुवाईंको स्थापना गर्नुभयो[1]
र यससँगै प्रतिज्ञा गर्नुभयो कि,
जसरी पानीले शरीरको मैला धुन्छ
त्यसरी नै उहाँको रगत र आत्माले
मेरो प्राणको अशुद्धता अर्थात् मेरा सबै पापहरू निश्चय नै धुँदछ ।[2]

[1]प्रेरित २:३८
[2]मत्ती ३:११; रोमी ६:३-१०; १ पत्रुस ३:२१

७०. प्रश्न: ख्रीष्टको रगत र आत्माले धोइनु भन्नुको अर्थ के हो ?
उत्तर: ख्रीष्टको रगतले धोइनु भन्नुको अर्थ
क्रुसको बलिदानद्धारा हाम्रो निम्ति खन्याइएको
ख्रीष्टको रगतको कारण
परमेश्वरले, उहाँको अनुग्रहद्धारा, हाम्रा पापहरूको क्षमा गर्नुभएको छ ।[1]

ख्रीष्टको आत्माले धोइनु भन्नुको अर्थ
पवित्र आत्माले हामीलाई ख्रीष्टको सदस्य हुनलाई
नयाँ र शुद्ध बनाउनु भएको हो,
जसले गर्दा हामी जति पापको लेखि मर्दछौं
त्यति नै बढ्दो रुपमा पवित्र र दोषरहित जीवन जिउँदछौं ।[2]

[1]जकरिया १३:१; एफिसी १:७-८; हिब्रु १२:२४; १ पत्रुस १:२; प्रकाश १:५
[2]इजकिएल ३६:२५-२७; यूहन्ना ३:५-८; रोमी ६:४; १ कोरिन्थी ६:११; कलस्सी २:११-१२

७१. प्रश्न: जसरी हामी बप्तिस्मामा पानीले धोइन्छौं त्यसरी नै हामी उहाँको रगत र आत्माले धोइन्छौं भन्ने कुराको प्रतिज्ञा ख्रीष्टले कहाँ गर्नुभएको छ ?

उत्तर: बप्तिस्मा विधिको स्थापनामा उहाँ भन्नुहुन्छ:
"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ,
पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।"[१]
"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउने छ,
तर विश्वास नगर्ने दोषी ठहरिने छ ।"[२]

जब धर्मशास्त्रले बप्तिस्मालाई
"पुनर्जीवनको स्नान" [३] र
पापहरू धुने काम भनि भन्दछ[४] तब यो प्रतिज्ञा दोहोरिएको छ ।

[१]मत्ती २८:१९
[२]मर्कूस १६:१६
[३]तीतस ३:५
[४]प्रेरित २२:१६

प्रभुको दिन २७

७२ प्रश्न: के पानीको बाहिरी धुवाई आफैंले सबै पापहरू धुन्छ र ?
उत्तर: अवश्य पनि धुँदैन । येशू ख्रीष्टको रगत र पवित्र आत्माले
मात्र हाम्रा सबै पापहरूबाट हामीलाई शुद्ध पार्नुहुन्छ ।[१]

[१]मत्ती ३:११ह १पत्रुस ३:२१ह १यूहन्ना १:७

७३. प्रश्न: त्यसो भने पवित्र आत्माले बप्तिस्मालाई
किन पुनर्जीवनको स्नान र पापहरूको धुवाई भन्नुहुन्छ ?
उत्तर: यी भनाईहरूका लागि परमेश्वरसँग ठोस कारणहरू छन् ।
उहाँ हामीलाई यो सिकाउन चाहनुहुन्छ कि
जसरी पानीले हाम्रो शरीरको मैला धुन्छ
त्यसरी नै ख्रीष्टको रगत र आत्माले हाम्रा पापहरू धुन्छ ।[१]

तर त्यो भन्दा पनि महत्वपूर्ण,
उहाँको ईश्वरीय प्रतिज्ञा र चिन्हद्धारा परमेश्वर हामीलाई यो पक्का गराउन चाहनु हुन्छ
जसरी हाम्रो भौतिक शरीर पानीले पखालिन्छ
त्यसरी नै हाम्रा पापहरू आत्मिकी रुपमा साँच्चै नै पखालिन्छन् ।[२]

[१]१ कोरिन्थी ६:११; प्रकाश १:५; ७:१४
[२]प्रेरित २:३८; रोमी ६:३-४; गलाती ३:२७

७४.प्रश्न: के बाल बालिकाहरूलाई पनि बप्तिस्मा दिनुपर्छ ?

उत्तर: अवश्य पनि दिनुपर्छ ।
बाल बालिका र वयस्कहरू सबै
परमेश्वरको करारमा समावेश गरिएका र उहाँका मानिसहरू हुन् ।[1]
ख्रीष्टको रगत र विश्वास उत्पन्न गराउनु हुने पवित्रआत्माद्धारा बालबालिकाहरू लाई पनि वयस्कहरू जस्तै समान रुपले पापबाट उद्धारको प्रतिज्ञा गरिएको छ । [2]

त्यसकारण, बप्तिस्माद्धारा, जुन करारको एक चिन्ह हो,
बाल बालिकाहरूलाई पनि ख्रीष्टिय मण्डलीमा सामेल गराइनुपर्छ
र अख्रिष्टियनहरूका छोरा छारीहरू भन्दा फरक पहिचान देखाइनुपर्छ ।[3]
यो कार्य पुरानो करारमा खतनाद्धारा गर्ने गरिन्थ्यो,[4]
जुन नयाँ करारमा बप्तिस्माद्धारा प्रतिस्थापन गरिएको छ ।[5]

[1]उत्पत्ति १७:७; मत्ती १९:१४
[2]यशैया ४४:१-३; प्रेरित २:३८-३९; १६:३१
[3]प्रेरित १०:४७; १ कोरिन्थी ७:१४
[4]उत्पत्ति १७:९-१४
[5]कलस्सी २:११-१३

## भाग २: पवित्र विधिहरू - प्रभु भोज

प्रभुको दिन २८

७५. प्रश्न: प्रभु भोजले तपाईंलाई ख्रीष्टको क्रुसको एक बलिदान र उहाँका सबै लाभहरूमा हिस्सेदार हुनुहुन्छ भन्ने कुराको सम्झना र निश्चयता कसरी दिलाउँछ ?

उत्तर: यसरी:
उहाँको सम्झनामा, यो भाँचिएको रोटी खान र यस कचौराबाट पिउन
ख्रीष्टले मलाई र सबै विश्वासीहरूलाई आज्ञा दिनुभएको छ ।
यो आज्ञासँगै निम्न प्रतिज्ञाहरू आउँदछन् :[1]

पहिलो,
जसरी मेरा निम्ति भाँचिएको प्रभुको रोटी र
मलाई कचौराको सहभागी बनाउनुभएको म मेरा आँखाहरूले देख्दछु,
त्यसरी नै म निश्चिन्त हुन्छु कि
उहाँको शरीर मेरो निम्ति दिइएको र तोडिएको थियो
र उहाँको रगत मेरो निम्ति क्रुसमा खन्याइएको थियो ।

दोस्रो,
सेवकको हातबाट मैले प्राप्त गर्ने र खाने प्रभुको रोटी र कचौरा चाँहि ख्रीष्टको शरिर र रगतको साँचो चिन्ह हो,
जुन मैले लिदा निश्यच नै क्रुसमा झुण्ड्याइएको शरीर र खन्याइएको रगतद्धारा
ख्रीष्टले मेरो प्राणलाई अनन्त जीवनको लागि पोषीत गर्नुहुन्छ र पुनताजगी दिनुहुन्छ ।

[1]मत्ती २६:२६-२८; मर्कूस १४:२२-२४; लूका २२:१९-२०; १ कोरिन्थी १:२३-२५

७६. प्रश्न: क्रुसमा झुण्ड्याइएको ख्रीष्टको शरीर खानु
र उहाँको खन्याइएको रगत पिउनु भन्नुको अर्थ के हो ?
उत्तर: यसको अर्थ,
ख्रीष्टको सम्पूर्ण कष्ट र मृत्युलाई विश्वासपूर्ण हृदयले स्वीकार गर्नु
र यसरी नै पापहरूको क्षमादान र अनन्त जीवन प्राप्ती गर्नु हो ।[१]

तर यसको अर्थ अझै बृहत छ ।
ख्रीष्ट र हामीमा रहनु हुने पवित्र आत्माद्धारा
हामी झनै ख्रीष्टको धन्य शरीरमा एक भईएका छौं ।[२]
र त्यसैले, यद्यपि उहाँ स्वर्गमा[३] र हामी पृथ्वीमा भए तापनि,
हामी उहाँको मासुको मासु र हाडको हाड हौं ।[४]
जसरी हाम्रो शरीरका अंगहरू एक प्राणद्धारा सन्चालित छन्,
त्यसैरी नै हामी सधैं एउटै आत्माद्धारा जिउछौं अनि सन्चालित हुन्छौं ।[५]

[१]यूहन्ना ६:३५, ४०, ५०-५४
[२]यूहन्ना ६:५५-५६; १ कोरिन्थी १२:१३
[३]प्रेरित १:९-११; १ कोरिन्थी ११:२६; कलस्सी ३:१
[४]१ कोरिन्थी ६:१५-१७; एफिसी ५:२९-३०; १ यूहन्ना ४:१३
[५]यूहन्ना ६:५६-५८; १५:१-६; एफिसी ४:१५-१६; १ यूहन्ना ३:२४

७७. प्रश्न: जब विश्वासीहरूले यस भाँचिएको रोटी खान्छन्
र कचौराबाट पिउछन् तब ख्रीष्टले उनीहरूलाई
आफ्नो शरीर र रगतद्धारा पोषित र ताजगी दिने प्रतिज्ञा गर्नुभएको छ । यो प्रतिज्ञा उहाँले कहाँ गर्नुभएको छ ?
उत्तर: प्रभु भोजको विधिको स्थापनामा:
“जुन रात प्रभु येशु पक्राउ पर्नुभयो,
त्यो रात प्रभु येशुले रोटी लिनुभयो, र धन्यवाद दिनुभएपछि
उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो,
...यो तिमीहरूका निम्ति मेरो शरीर हो,
यो मेरो सम्झनामा गर्ने गर ।’
त्यसै गरी, खाएपछि उहाँले कचौरा लिएर भन्नुभयो,
...यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो,
जब जब तिमीहरू यो पिउँछौ,
मेरो सम्झनामा यो अक्सर गर्ने गर ।’
किनभने जहिले जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ,
उहाँ नआउञ्जेल तिमीहरू
प्रभुको मृत्युको घोषणा गर्दछौ ।’”[१]

यस प्रतिज्ञालाई पावलले यसरी दोहोर्याउदछन् :
“जुन आशिषका कचौराको निम्ति हामी आशिष माग्छौं,
के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन
र त्यो रोटी जो हामी भाँच्छौं,
के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र

रोटी एउटै हो, यसकारण धेरै भएता पनि हामी एउटै शरीर हौं,
किनकि हामी सबै एउटै रोटीबाट खान्छौं ।”[२]

[१]१ कोरिन्थी ११:२३-२६
[२]१ कोरिन्थी १०:१६-१७

प्रभुको दिन २९

७८. प्रश्न: के रोटी र दाखमद्य ख्रीष्टको वास्तविक शरीर र रगतमा परिणत हुन्छ त ?
उत्तर: अहँ, हुदैन ।
जसरी बप्तिस्माको पानी ख्रीष्टको रगतमा परिणत हुदैन र पानी आफैँले पापहरू धुँदैन
तर यो त केवल ईश्वरीय चिन्ह र निश्चयता मात्र हो,[१]
ठीक त्यसैगरी प्रभु भोजको रोटी पनि
ख्रीष्टको भौतिक शरीरमा परिणत हुदैन[२]
यद्यपि यसलाई पवित्र विधिको स्वभाव र भाषामा
ख्रीष्टको शरीर[३] हो भनि भनिएता पनि ।[४]

[१]एफिसी ५:२६; तितस ३:५
[२]मत्ती २६:२६-२९
[३]१ कोरिन्थी १०:१६-१७; ११:२६-२८
[४]उत्पत्ति १७:१०-११; प्रस्थान १२:११, १३; १ कोरिन्थी १०:१-४

७९. प्रश्न: त्यसो भने किन ख्रीष्टले रोटीलाई उहाँको शरीर र कचौरालाई उहाँको रगत वा उहाँको रगतमा भएको नयाँ करार भन्नुभयो जसलाई पावलले ख्रीष्टको शरीर र रगतमा सहभागी हुने भन्ने शब्दहरू प्रयोग गरेका छन् ?
उत्तर: यी शब्दहरू भन्नुमा ख्रीष्टसँग ठोस कारणहरू छन् ।
उहाँ हामीलाई यो सिकाउन चाहनुहुन्छ कि
जसरी रोटी र दाखमद्यले हाम्रो क्षणिक शरीरलाई पोस्दछ,
त्यसरी नै क्रुसमा झुण्ड्याइएको शरीर र खन्याइएको रगतले
हाम्रो प्राणलाई साँच्चै नै अनन्तको लागि पोस्दछ ।[१]

अझै महत्वपूर्णचाहिँ,
जब हाम्रा मुखहरूले यी पवित्र चिन्हहरू उहाँको सम्झनाको स्वरुप लिन्छौं,[२]
तब हामी पवित्र आत्माको कार्यद्धारा उहाँको साँचो शरीर र रगतमा सहभागी हुन्छौं ।
हामी आफैँले व्यक्तिगत रुपमा कष्ट भोग गरेर हाम्रा पापहरूको मूल्य चुकाएजस्तै गरि,
उहाँको सबै कष्ट अनि आज्ञाकारिता निश्यच नै हाम्रै हुन् भन्ने कुरा यी देखिने चिन्ह र प्रतिज्ञाद्धारा ख्रीष्टले हामीलाई निश्चिन्त गराउन चाहनुहुन्छ ।[३]

[१]यूहन्ना ६:५१, ५५
[२]१ कोरिन्थी १०:१६-१७; ११:२६
[३]रोमी ६:५-११

प्रभुको दिन ३०

८०. प्रश्न: प्रभुभोज रोमन क्याथोलिकको मास (Mass) भन्दा कसरी भिन्न छ ?
उत्तर: प्रभुभोजले हामीलाई यो घोषणा गर्दछ
कि येशू ख्रीष्टको एक बलिदानद्धारा
हाम्रा पापहरू पूर्ण रुपमा क्षमा भएका छन्,
जुन बलिदान उहाँले क्रूसमा सधैंको निम्ति एकैपल्टमा पुरा गरिदिनुभयो ।[1]
यसले यो पनि घोषणा गर्दछ कि
पवित्र आत्माले हामीलाई ख्रीष्टमा कलमी गर्नुहुन्छ,[2] जो आफ्नो (ख्रीष्ट) शरीर सहित
स्वर्गमा पिताको दाहिने हाततर्फ विराजमान हुनुहुन्छ,[3]
जहाँ हामीले उहाँलाई आराधना गरेको चाहनुहुन्छ ।[4]

तर मासले यो सिकाउँछ कि
पूजाहारीहरूले दैनिक रुपमा मानिसहरूलाई ख्रीष्ट प्रदान नगरेसम्म
जीवित र मृतक कसैको पनि येशू ख्रीष्टको कष्टद्धारा पाप क्षमा भएको हुँदैन ।
यसले यो पनि सिकाउँछ
कि ख्रीष्ट, प्रभुभोजको बेला रोटी र दाखमद्यको रुपमा शरीरमा नै उपस्थित हुनुहुन्छ
त्यसैकारण ख्रीष्टलाई यथास्थितिमा नै आराधना गरिनुपर्छ ।
यसकारण मास आधारभूत रुपमा येशू ख्रीष्टको बलिदान र कष्टलाई इन्कार गर्ने
एउटा दण्डित मूर्तिपूजा हो ।

[1]यूहन्ना ९:३०; हिब्रु ७:२७; ९:१२, २५-२६; १०:१०-१८
[2]१ कोरिन्थी ६:१७; १०:१६-१७
[3]प्रेरित ७:५५-५६; हिब्रु १:३; ८:१
[4]मत्ती ६:२०-२१; यूहन्ना ४:२१-२४; फिलिप्पी ३:२०; कलस्सी ३:१-३

८१. प्रश्न: प्रभुभोजमा क-कसले भाग लिन सक्छन् ?
उत्तर: तिनीहरू जो आफ्ना पापहरूको कारण आफैँसँग दुखित छन्,
तैपनि ख्रीष्टको दु:ख र मृत्युद्धारा
उनीहरूको पाप क्षमा भएका छन्
र उनीहरूका नियमित कमी कमजोरीहरू ढाकिएका छन् भन्ने कुरामा विश्वास गर्दछन्,
र ती व्यक्तिहरू जो दिनहुँ उनीहरूको विश्वास बलियो बनाउन
र असल जीवन व्यतीत गर्न इच्छा गर्दछन् ।

तर पाखण्डी र अपश्चात्तापीहरूले प्रभुभोज खाँदा र पिउदा आफैँमाथि दण्ड ल्याउँदछन् ।[1]

[1]१ कोरिन्थी १०:१९-२२; ११:२६-३२

८२. प्रश्न: जसले आफ्नो बोली र क्रियाकलापहरूद्धारा
आफैँलाई अविश्वासी र ईश्वरहीन छु भनि देखाउने व्यक्तिहरूलाई प्रभुभोजमा सहभागी गराइनुहुन्छ ?
उत्तर: अवश्य पनि गराइनुहुन्न । यसले परमेश्वरको करारप्रति असम्मान
र सम्पूर्ण मण्डली परिवारमाथि परमेश्वरको क्रोध ल्याउँदछ ।[1]
त्यसैले, ख्रीष्ट र उहाँका चेलाहरूको शिक्षाहरूअनुसार,

परमेश्वरको राज्यको आधिकारिक साँचाहरूद्धारा,
त्यस्तो व्यक्तिहरूले आफ्नो जीवनमा सुधार नल्याएसम्म
ख्रीष्टिय मण्डलीले ती मानिसहरूलाई प्रभुभोजबाट अलग गराउन कटिबद्ध हुनुपर्दछ ।

[1]१ कोरिन्थी ११:१७-३२; भजनसंग्रह ५०:१४-१६; यशैया १:११-१७

प्रभुको दिन ३१

८३. प्रश्न: राज्यका साँचाहरू के-के हुन् ?
उत्तर: पवित्र सुसमाचारको प्रचार
र पश्चात्तापमा डोऱ्याउने ख्रीष्टिय अनुशासन ।
प्रचार र अनुशासन दुबैले विश्वासीहरूका लागि स्वर्गको राज्य खोल्दछ
भने अविश्वासीहरूको लागि बन्द गर्दछ ।[1]

[1]मत्ती १६:१९; यूहन्ना २०:२२-२३

८४. प्रश्न: पवित्र सुसमाचार प्रचारले कसरी स्वर्गको राज्य खोल्ने र बन्द गर्ने गर्दछ ?
उत्तर: ख्रीष्टको आज्ञाअनुसार:
स्वर्गीय राज्य ती सबै विश्वासीहरूका लागि खुल्ला गरिएको छ
जसले सार्वजनिक रुपमा प्रचार गरिएको सुसमाचारको प्रतिज्ञालाई साँचो
विश्वासद्धारा ग्रहण गर्छन्,
अनि, परमेश्वरले, उनीहरूका सबै पापहरूलाई ख्रीष्टले गर्नुभएको महान् कामको
कारण साँचो रुपमा क्षमा गर्नुहुन्छ ।
सार्वजनिक रुपमा घोषणा गरिएको सुसमाचार ग्रहण नगर्ने सबै अविश्वासी र ढोंगीहरूको लागि स्वर्गको राज्य तबसम्म बन्द गरिएको छ जबसम्म उनीहरू पश्चात्ताप गर्दैनन्, उनीहरूमाथि परमेश्वरको क्रोध र अनन्त दण्ड आईपर्छ ।
वर्तमान र आउने जीवनमा हुने परमेश्वरका न्याय यहि सुसमाचारको गवाहीमा आधारित छ ।[1]

[1]मत्ती १६:१९; यूहन्ना ३:३१-३६; २०:२१-२३

८५. प्रश्न: कसरी ख्रीष्टिय अनुशासनद्धारा स्वर्गको राज्य
खुल्ला र बन्द हुन्छ ?
उत्तर: ख्रीष्टको आज्ञाअनुसार:
तिनीहरू, जो आफैंलाई ख्रीष्टियनहरू हौं भनि भन्दछन् तर अख्रीष्टियन शिक्षाहरू स्वीकार गर्छन् वा अख्रीष्टियन जीवनहरू जिउँछन्, अनि बारम्बार दिइएको सहानुभूतिपूर्वक सरसल्लाहको बाबजुत उनीहरू गल्तीहरू र दुष्कर्महरू छाड्न इन्कार गर्छन् ।
अनि यी व्यवहारहरू, मण्डली र यसको पदाधिकारीलाई जानकारी गराएपश्चात् पनि,
उनीहरू उक्त घृणित कामहरूको जवाफदेही हुन इन्कार गर्छन् ।
त्यस्ता व्यक्तिहरूलाई पदाधिकारीहरूले पवित्र विधि (प्रभुभोज) मा समावेश हुन नदिएर
ख्रीष्टिय सङ्गतिबाट अलग गरिदिन्छन्,

अनि परमेश्वर स्वयम्ले पनि तिनीहरूलाई खीष्टको राज्यबाट बहिष्कार गर्नुहुन्छ ।[1]

यस्ता व्यक्तिहरू,
त्यस्ता व्यक्तिहरू जो साँचो सुधार र परिवर्तन हुने कुराको प्रदर्शन गर्दछन् तिनीहरूलाई खीष्ट र उहाँको मण्डलीको सदस्यहरूको रुपमा पुन स्वीकार गरिन्छ ।

[1]मत्ती १८:१५-२०; १ कोरिन्थी ५:३-५, ११-१३; २ थेसलोनिकी ३:१४-१५
[2]लूका १५:२०-२४; २ कोरिन्थी २:६-११

## भाग ३: कृतज्ञता

प्रभुको दिन ३२

८६. प्रश्न: हामी आफैंले आर्जन गरेको होइन तर परमेश्वरको अनुग्रहबाट येशू खीष्टद्धारा मात्र हामीले आफ्ना दुर्गतिबाट छुट्कारा पाएका छौं । त्यसो भए हामीले अझै किन असल काम गर्नैपर्छ ?
उत्तर: उहाँको रगतद्धारा उद्धार गराइएर खीष्टले हामीलाई उहाँकै आत्माद्धारा उहाँको प्रतिरुप हुन नविकरण गरिरहनुहुन्छ
ताकि हाम्रो सम्पूर्ण जीवनबाट उहाँको भलाईहरूका लागि परमेश्वर प्रति धन्यवाद प्रकट गर्न सकौं,[1]
ताकि उहाँ हामीद्धारा प्रशंसित हुनुभएको होस् ।[2]
ताकि हामी हाम्रा विश्वासका फलहरूद्धारा[ङ] हाम्रो विश्वासमा निश्चिन्त हुन सकौं,[3]
र हाम्रो ईश्वरभक्ती जीवनद्धारा हाम्रा छिमेकीहरूलाई पनि खीष्टमा जित्न सकौं ।[4]

[1]रोमी ६:१३; १२:१-२; १ पत्रुस २:५-१०
[2]मत्ती ५:१६; १ कोरिन्थी ६:१९-२०
[3]मत्ती ७:१७-१८; गलाती ५:२२-२४; २ पत्रुस १:१०-११
[4]मत्ती ५:१४-१६; रोमी १४:१७-१९; १ पत्रुस २:१२; ३:१-२

८७. प्रश्न: के परमेश्वरतर्फ नर्फकने अकृतज्ञी र अपश्चात्तापीहरू बचाइन्छन् ?
उत्तर: कुनै पनि हालतमा बचाइने छैनन् ।
धर्मशास्त्रले हामीलाई बताउँदछ कि
कुनै पनि अनैतिक व्यक्ति,
मूर्तिपूजक, व्यभिचारी, चोर,
ईर्ष्यालु, मतवाला, निन्दक, डाँका,
अथवा यस्तै अरूहरू पनि परमेश्वरको राज्यको हकदार हुनेछैनन् ।[1]

[1]१ कोरिन्थी ६:९-१०; गलाती ५:१९-२१; एफिसी ५:१-२०; १ यूहन्ना ३:१४

प्रभुको दिन ३३

[ङ] विश्वासका फलहरू भनेको पवित्र आत्माको फल हो (गला. ५:२२–२३) र त्यसको साथ साथै हामीले गर्ने असल कामहरू पनि हो ।

८८. प्रश्न: साँचो पश्चत्ताप वा हृदय परिवर्तनमा के कुरा समावेश हुन्छ ?
उत्तर: दुई कुराहरू:
पुरानो मनुष्यता[८] (स्वभाव) मरेर जानु,
र नयाँ जीवनमा प्रवेश गर्नु ।[1]

[1]रोमी ६:१-११; २ कोरिन्थी ५:१७; एफिसी ४:२२-२४; कलस्सी ३:५-१०

८९. प्रश्न: पुरानो मनुष्यता (स्वभाव) मर्नु भनेको के हो ?
उत्तर: यो भनेको आफ्ना पापहरू प्रति इमान्दारपूर्वक दुखित हुनु, अधिक घृणा गर्नु र यिनीहरूबाट भाग्नु हो ।[1]

[1]भजनसंग्रह ५१:३-४, १७; योएल २:१२-१३; रोमी ८:१२-१३; २ कोरिन्थी ७:१०

९०. प्रश्न: नयाँ मनुष्यताको जीवनमा बढ्नु भनेको के हो ?
उत्तर: यो भनेको ख्रीष्टद्धारा परमेश्‍वरमा सम्पूर्ण हृदयबाटको आनन्द हो[1] र परमेश्‍वरको इच्छाअनुसार हरेक प्रकारको असल काम गर्दै प्रेम र आनन्दमा जिउनु हो ।[2]

[1]भजनसंग्रह ५१:८, १२; यशैया ५७:१५; रोमी ५:१; १४:१७
[2]रोमी ६:१०-११; गलाती २:२०

९१. प्रश्न: असल कामहरू के हुन् ?
उत्तर: ती कामहरू मात्र
जुनचाहिँ साँचो विश्‍वासद्धारा गरिन्छन्,[1]
परमेश्‍वरको व्यवस्था अनुरुप छन्,[2]
र उहाँको महिमाको लागि गरिन्छन् ।[3]
तर यिनीहरू हाम्रो आफ्नै विचारमा
वा मानवीय परम्परामा आधारित होइनन् ।[4]

[1]यूहन्ना १५:५; हिब्रु ११:६
[2]लेवी १८:४; १ शमूएल १५:२२; एफिसी २:१०
[3]१ कोरिन्थी १०:३१
[4]व्यवस्था १२:३२; यशैया २९:१३; इजकिएल २०:१८-१९; मत्ती १५:७-९

## भाग ३: कृतज्ञता - दश आज्ञाहरू

प्रभुको दिन ३४

९२. प्रश्न: परमेश्‍वरको व्यवस्था भनेको के हो ?
उत्तर: परमेश्‍वरले बोल्नुभएका यी वचनहरू:

---

[८] पुरानो मनुष्यता आदमको सन्तानहरूको पापमय चारित्रिक गुण हो, जसलाई प्रत्येक मानिसले जन्मजातै आफूसँग लिएर आएको हुन्छन् ।

"पहिलो आज्ञा"
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ,
जसले तिमीहरूलाई मिश्रदेश
अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ ।
मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू ।

"दोस्रो आज्ञा"
आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनु,
माथि आकाश अथवा तल पृथ्वी
वा तल पानीमा भएको कुनै कुराको आकारको
प्रतिमूर्ति नबनाउनु ।
तिनीहरूका सामु ननिरुनु, तिनीहरूको पूजा नगर्नू,
किनकि म परमप्रभु तिमीहरूको परमेश्वर
डाह गर्ने परमेश्वर हुँ ।
मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड
उनीहरूका सन्तानहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु,
तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका
हजारौं पुस्तामाथि म कृपा गर्नेछु ।

"तेस्रो आज्ञा"
परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनु,
किनकि उहाँको नाउँ व्यर्थैमा लिनेलाई परमप्रभु निरपराध ठहराउनुहुने छैन ।

"चौथो आज्ञा"
शबाथ दिन पवित्र मान्नुपर्छ भनि याद राख्नु ।
छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नु,
तर सातौं दिनचाहिँ परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ दिन हो ।
त्यस दिनमा तिमीहरूले केही काम नगर्नु,
न त आफ्नो छोराले, न छोरीले,
न कमरा-कमारीले, न गाईवस्तुले,
न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस् ।
किनकि ६ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुन्द्र र
तिनमा भएका सबैथोक बनाउनुभयो,
तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो ।
त्यसकारण परमप्रभुले शबाथ दिनलाई
आशिष दिनुभयो, र त्यसलाई पवित्र पार्नुभयो ।

"पाचौं आज्ञा"
आफ्ना बाबु र आमालाई आदर गर,
कि जुन देश तिमीहरूलाई परमप्रभु
आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस् ।

"छैठौं आज्ञा"
हत्या नगर्नु ।

"सातौँ आज्ञा"
व्यभिचार नगर्नु ।

"आठौँ आज्ञा"
चोरी नगर्नु ।

"नवौँ आज्ञा"
आफ्नो छिमेकीको विरुद्धमा झुटो गवाही नदिनु ।
"दशौँ आज्ञा"
आफ्नो छिमेकीको घरको लालच नगर्नु ।
आफ्नो छिमेकीको स्वास्नीको लालच नगर्नु,
आफ्नो छिमेकीको कमारा, कमारी, गोरु, गधा
वा त्यसको कुनै पनि थोकको लालच नगर्नु ।[१]

[१]प्रस्थान २०:१-१७; व्यवस्था ५:६-२१

९३. प्रश्न: यी आज्ञाहरूलाई कसरी विभाजित गरिएको छ ?
उत्तर: दुई भागहरूमा:
पहिलो भागमा चार आज्ञाहरू छन्,
जसले हाम्रो परमेश्वरसँगको सम्बन्ध कस्तो हुनुपर्छ भनि सिकाउँदछ ।
दोस्रो भागमा छ आज्ञाहरू छन्,
जसले हाम्रो छिमेकीसँगको सम्बन्ध कस्तो हुनुपर्छ भनि सिकाउँदछ ।[१]

[१]मत्ती २२:३७-३९

९४. प्रश्न: पहिलो आज्ञामा परमप्रभुले के माग गर्नुहुन्छ ?
उत्तर: म आफ्नो मुक्तिलाई खतरामा पार्ने चहाना नगरी
सबै मूर्तिपूजा,[१] तन्त्रमन्त्र, अन्धविश्वासका विधिहरू,[२]
र सन्तहरूलाई वा अरू सृष्टिहरूलाई[३] प्रार्थना चढाउने कामलाई
इन्कार गर्छु र परै बस्छु ।

म एक सत्य परमेश्वरलाई सही तरिकाले जान्दछु,[४]
केवल उहाँमा मात्र भरोसा गर्दछु,[५]
नम्रतापूर्वक[६] र धैर्यतासाथ[७] हरेक असल कुराको निम्ति उहाँलाई हेर्दछु,[८]
र मेरो सम्पूर्ण हृदयबाट
उहाँलाई प्रेम गर्दछु,[९] भय मान्दछु,[१०] र उहाँको आदर गर्दछु ।[११]

छोटकरीमा,
म परमेश्वरको इच्छा विपरीत जानुभन्दा कुनै पनि कुरा हरेक तवरले त्याग्दछु ।[१२]

[१]१ कोरिन्थी ६:९-१०; १०:५-१४; १ यूहन्ना ५:२१
[२]लेवी १९:३१; व्यवस्था १८:९-१२

[3]मत्ती ४:१०; प्रकाश १९:१०; २२:८-९
[4]यूहन्ना १७:३
[5]यर्मिया १७:५, ७
[6]१ पत्रुस ५:५-६
[7]कलस्सी १:११; हिब्रु १०:३६
[8]भजनसंग्रह १०४:२७-२८; याकूब १:१७
[9]मत्ती २२:३७ (व्यवस्था ६:५)
[10]हितोपदेश ९:१०; १ पत्रुस १:१७
[11]मत्ती ४:१० (व्यवस्था ६:१३)
[12]मत्ती ५:२९-३०; १०:३७-३९

९५. प्रश्न: मूर्तिपूजा भनेको के हो ?
उत्तर: मूर्तिपूजा भनेको वचनमा आफैँलाई प्रकाशित गर्नुभएको
साँचो परमेश्वर बाहेक वा उहाँसँगै
त्यस्ता अरू कुरालाई अङ्गाल्नु वा आविष्कार गर्नु हो जसमा उसले भरोसा गर्दछ ।[1]

[1]१ इतिहास १६:२६; गलाती ४:८-९; एफिसी ५:५; फिलिप्पी ३:१९

## प्रभुको दिन ३५

९६. प्रश्न: दोस्रो आज्ञामा हाम्रो लागि परमेश्वरको इच्छा के छ ?
उत्तर: हामीले कुनै पनि हालतमा परमेश्वरको कुनै प्रकारको प्रतिमूर्ति बनाउनु हुँदैन[1]
न त उहाँको वचनमा आज्ञा गरिएभन्दा
अरू कुनै माध्यमद्वारा उहाँलाई आराधना गर्नु नै हुन्छ ।[2]

[1]व्यवस्था ४:१५-१९; यशैया ४०:१८-२५; प्रेरित १७:२९; रोमी १:२२-२३
[2]लेवी १०:१-७; १ शमूएल १५:२२-२३; यूहन्ना ४:२२-२३

९७. प्रश्न: त्यसो भए के हामीले कुनै पनि प्रकारको प्रतिमूर्ति बनाउनै हुँदैन र ?
उत्तर: कुनै पनि तरिकाले परमेश्वरलाई
देखिने गरि चित्रण गर्न सकिँदैन र गर्न पनि हुँदैन ।

यद्यपि सृष्टिहरूको चित्राङ्कन गर्न सकिए तापनि,
यिनीहरूलाई आराधना गर्ने
वा परमेश्वरलाई यिनीहरूको माध्यमद्वारा सेवा गर्ने
अभिप्रायले बनाइन्छन् भने परमेश्वर यस्ता प्रतिमूर्तिहरू
बनाउन निषेध गर्नुहुन्छ ।[1]

[1]प्रस्थान ३४:१३-१४, १७; २ राजा १८:४-५

९८. प्रश्न: तर के परमेश्वरको प्रतिबिम्ब र चित्रहरूलाई मण्डलीहरूमा
अशिक्षितहरूलाई सिकाउनको लागि शिक्षण औजारको रुपमा प्रयोग गर्न अनुमति दिन सकिन्छ ?
उत्तर: अहँ सकिँदैन । हामी परमेश्वर भन्दा बुद्धिमान हुन खोज्नु हुँदैन ।
उहाँ आफ्ना मानिसहरू जीवित वचनको प्रचारद्धारा सिकाइएको चाहनुहुन्छ –[१]
तर बोल्न पनि नसक्ने मूर्तिहरूद्धारा होइन ।[२]

[१]रोमी १०:१४-१५, १७; २ तिमोथी ३:१६-१७; २ पत्रुस १:१९
[२]यर्मिया १०:८; हिब्रु २:१८-२०

प्रभुको दिन ३६

९९. प्रश्न: तेस्रो आज्ञाको उद्देश्य के हो ?
उत्तर: हामी श्राप,[१] झुटो कसम,[२] वा अनावश्यक सपथहरूद्धारा,[३]
ईश्वर निन्दा नगरौं वा परमेश्वरको नाउँको दुरुपयोग नगरौं,
वा यस्ता कुराहरूप्रति मुकदर्शक[४] बनि जघन्य पापहरूको
हिस्सेदार नबनौं ।

संक्षिप्तमा,
हामी परमेश्वरको पवित्र नाउँ आदर र भयसाथ मात्र प्रयोग गरौं,[५]
ताकि हामी उहाँलाई उचित ढङ्गले स्वीकार गर्न सकौं,[६]
उहाँलाई प्रार्थना गर्न सकौं,[७]
र हाम्रा कुरा र कामहरूबाट उहाँको प्रशंसा गर्ने गरौं ।[८]

[१]लेवी २४:१०-१७
[२]लेवी १९:१२
[३]मत्ती ५:३७; याकूब ५:१२
[४]लेवी ५:१; हितोपदेश २९:२४
[५]भजनसंग्रह ९९:१-५; यर्मिया ४:२
[६]मत्ती १०:३२-३३; रोमी १०:९-१०
[७]भजनसंग्रह ५०:१४-१५; १ तिमोथी २:८
[८]कलस्सी ३:१७

१००. प्रश्न: के परमेश्वरको नाउँमा श्रापेर र कसम खाएर गरिने ईश्वर निन्दा[ण]
साँच्ची नै गम्भिर पाप हो र ? यस्ता कुराहरूलाई रोक्न र मनाही गर्न सकेर पनि नगर्नेहरूप्रति परमेश्वर क्रोधित हुनुहुन्छ ?
उत्तर: हो, अवश्य पनि यो गम्भिर पाप हो ।[१]
ईश्वरनिन्दा भन्दा ठूलो कुनै पाप छैन,
जसले परमेश्वरलाई बढि क्रोधित बनाउँछ ।

---

[ण] ईश्वर निन्दा भनेको परमेश्वर प्रति दुष्ट कुरा गरेर अनि उहाँको गुणहरूमा शंका गरेर परमेश्वरको अपमान गर्नु हो । प्राय मानिसहरूले उहाँको नाउमा झूटो शपथ खाएर, त्रिएकत्व परमेश्वर मध्य कुनै एकको नाऊ, काम र चरित्रको खिल्ली उडाएर, अनि बदनाम गरेर गर्ने गर्दछन् जसको सजाय मृत्यु हो ।

त्यसैलाई उहाँले यो पाप विरुद्ध मृत्यु दण्डको आज्ञा दिनुभयो ।[२]

[१]लेवी ५:१
[२]लेवी २४:१०-१७

प्रभुको दिन ३७

१०१. प्रश्न: तर के हामी उचित तरिकाले परमेश्वरको नाउँमा शपथ खान सक्छौं ?
उत्तर: हो, जब सरकारले माग गरेको अवस्थामा
वा यसको आवश्यकता परेको खण्डमा
तब सत्यता र विश्वसनियता कायम राख्न
र परमेश्वरको महिमा र हाम्रा छिमेकीहरूको भलाईको लागि
हामी परमेश्वरको नाउँमा शपथ खान सक्दछौं ।
यस्ता शपथहरू परमेश्वरको वचनमा आधारित छन्[१]
अनि पुरानो र नयाँ करारका परमेश्वरका मानिसहरूले सहि ढङ्गले प्रयोग गरेका थिए ।[२]

[१]व्यवस्था ६:१३; १०:२० यर्मिया ४:१-२; हिब्रु ६:१६
[२]उत्पत्ति २१:२४; यहोशू ९:१५; १ राजाहरू १:२९-३०; रोमी १:९; २ कोरिन्थी १:२३

१०२. प्रश्न: के हामी सन्तहरू र अरू प्राणीहरूको नाउँमा शपथ खान सक्छौं ?
उत्तर: अहँ सक्दैनौं ।
उचित शपथ भनेको परमेश्वरको नाउँ पुकार्नु हो[१] जसले सत्यताको गवाही दिने मेरो हृदयलाई जान्नुहुन्छ र
झुटो शपथ खाएमा दण्ड दिनुहुन्छ ।
कुनै प्राणी यस्तो सम्मानको योग्यको छैन ।

[१]रोमी ९:१; २ कोरिन्थी १:२३
[२]मत्ती ५:३४-३७; २३:१६-२२; याकूब ५:१२

प्रभुको दिन ३८

१०३. प्रश्न: चौथो आज्ञामा तपाईंको लागि परमेश्वरको इच्छा के हो ?
उत्तर: पहिलो,
सुसमाचारको सेवाकाई र यसको शिक्षा कायम राख्न,[१]
अनि विषेशगरी विश्राम दिनको उत्सवमा,
परमेश्वरको वचनबाट सिक्न,[३]
पवित्र विधिहरूमा सहभागी हुन,[४]
परमेश्वरलाई सामूहिक प्रार्थना चढाउन,[५]
र गरिबहरूका लागि ख्रीष्टिय भेटीहरू ल्याउन,[६]
म परमेश्वरका जनहरूको सभामा तत्परतापूर्वक सहभागी हुन्छु ।

दोस्रो,
मेरो जीवनको प्रत्येक दिन म मेरा दुष्ट मार्गहरूबाट आराम लिन्छु,

उहाँको आत्माद्धारा प्रभुले मेरो जीवनमा काम गरुन्,
र यसरी नै यसै जीवनमा अनन्त विश्रामको थालनी होस् ।[७]

[१]व्यवस्था ६:४-९, २०-२५; १ कोरिन्थी ९:१३-१४; २ तिमोथी २:२; ३:१३-१७; तितस १:५
[२]व्यवस्था १२:५-१२; भजनसंग्रह ४०:९-१०; ६८:२६; प्रेरित २:२-४७; हिब्रु १०:२३-२५
[३]रोमी १०:१४-१७; १ कोरिन्थी १४:३१-३२; १ तिमोथी ४:१३
[४]१ कोरिन्थी ११:२३-२५
[५]कलस्सी ३:१६; १ तिमोथी २:१
[६]भजनसंग्रह ५०:१४; १ कोरिन्थी १६:२; २ कोरिन्थी ८ र ९
[७]यशैया ६६:२३; हिब्रु ४:९-११

प्रभुको दिन ३९

१०४. प्रश्न: पाँचौं आज्ञामा तपाईंको लागि परमेश्वरको इच्छा के हो ?
उत्तर: म मेरा बुवा, आमा र शासकहरूलाई
सम्मान गरुँ, प्रेम गरुँ र निष्ठा राख्न सकुँ ।
उचित आज्ञापालन साथ उहाँहरूका असल शिक्षा र अनुशासनप्रति आफूलाई समर्पित गर्न सकुँ,[१]
र उहाँहरूको असक्षमताहरूप्रति पनि म धैर्यवान् हुन सकुँ,[२]
उहाँहरूद्धारा परमेश्वरले हामीमाथि शासन गर्न रोज्नुहुन्छ ।[३]

[१]प्रस्थान २१:१७; हितोपदेश १:८; ४:१; रोमी १३:१-२; एफिसी ५:२१-२२; ६:१-९; कलस्सी ३:१८-४:१
[२]हितोपदेश २०:२०; २३:२२; १ पत्रुस २:१८
[३]मत्ती २२:२१; रोमी १३:१-८; एफिसी ६:१-९; कलस्सी ३:१८-२१

प्रभुको दिन ४०

१०५. प्रश्न: छैठौं आज्ञामा तपाईंको लागि परमेश्वरको इच्छा के हो ?
उत्तर: म मेरा विचारहरू, शब्दहरू, हेराईहरू वा हाउभाउद्धारा
र कुनै वास्तविक कार्यहरूद्धारा -
छिमेकीलाई होच्याउने, अपमान गर्ने, घृणा गर्ने, वा हत्या गर्ने होइन,
तर यस्ता कुराहरूमा कसैसँग पनि सहभागी नभई,[१]
मैले ममा भएका प्रतिशोधका सबै इच्छाहरूलाई टाढै राख्नुपर्दछ ।[२]

अनि मैले आफैंलाई हानि पुऱ्याउने वा लापरवाही ढङ्गले जोखिममा पार्ने काम पनि गर्नुहुन्न ।[३]
हत्याहरू रोक्न नै सरकार हातहतियाहरूले सुसज्जित भएका हुन्छन् ।[४]

[१]उत्पत्ति ९:६; लेवी १९:१७-१८; मत्ती ५:२१-२२ २६:५२
[२]हितोपदेश २५:२१-२२; मत्ती १८:३५; रोमी १२:१९; एफिसी ४:२६
[३]मत्ती ४:७; २६:५२; रोमी १:११-१४
[४]उत्पत्ति ९:६; प्रस्थान २१:१४; रोमी १३:४

१०६. प्रश्न: के यस आज्ञाले शारीरिक हत्याको बारेमा मात्र उल्लेख गर्छ ?
उत्तर: हत्या निषेध गरेर परमेश्वर हामीलाई यो सिकाउनुहुन्छ
कि यसका जडहरू: इर्ष्या, घृणा, रिस, प्रतिशोधको भावनाहरू जसलाई उहाँ घृणा गर्नुहुन्छ ।[१]
परमेश्वरको दृष्टिमा यी सबै (इर्ष्या, घृणा, रिस, प्रतिशोधको भावना) हत्याका फरक-फरक रुपहरू हुन् ।[२]

[१]हितोपदेश १४:३०; रोमी १:२९; १२:१९; गलाती ५:१९-२१; १ यूहन्ना २:९-११
[२]१ यूहन्ना ३:१५

१०७. प्रश्न: के हाम्रा छिमेकीहरूलाई कुनै पनि तरिकाहरूद्धारा हत्या नगर्नु नै पर्याप्त छ ?
उत्तर: अहँ छैन् ।
इर्ष्या, घृणा, र रिसको निन्दा गरेर,
परमेश्वर हामीलाई भन्नुहुन्छ कि
हामीले हाम्रा छिमेकीहरूलाई आफूलाई जस्तै प्रेम गर्नुपर्छ,[१]
छिमेकीप्रति धैर्यवान, शान्ति-प्रिय, सज्जन,
करुणामय, र उनीहरूप्रति मित्रभाव राख्नुपर्छ ।[२]
सकेसम्म उनीहरूलाई जोखिमबाट सुरक्षित राख्नुपर्छ,
र हाम्रा शत्रुहरूलाई पनि भलाई गर्नुपर्छ ।[३]

[१]मत्ती ७:१२; २२:३९; रोमी १२:१०
[२]मत्ती ५:३-१२; लूका ६:३६; रोमी १२:१०, १८; गलाती ६:१-२; एफिसी ४:२; कलस्सी ३:१२; १ पत्रुस ३:८
[३]प्रस्थान २३:४-५; मत्ती ५:४४-४५; रोमी १२:२०-२१ (हितोपदेश २५:२१-२२)

प्रभुको दिन ४१

१०८. प्रश्न: सातौं आज्ञाले के सिकाउँछ ?
उत्तर: परमेश्वरले सबै घृणित कामहरूको निन्दा गर्नुहुन्छ ।[१]
त्यसैले हामीले यस्ता कुराहरूलाई पूर्ण रुपमा घृणा गर्नुपर्छ[२]
र विवाहित वा अविवाहित
सबैले सभ्य र असल जीवन जिउनुपर्छ ।[३]

[१]लेवी १८:३०; एफिसी ५:३-५
[२]यहूदा २२-२३
[३]१ कोरिन्थी ७:१-९; १ थेसलोनिकी ४:३-८; हिब्रु १३:४

१०९. प्रश्न: के परमेश्वरले यस आज्ञामा, व्यभिचार जस्तो निर्लज्ज पापको मात्र निषेध गर्नुभएको छ ?
उत्तर: हामी शरीर र प्राण दुवैमा पवित्र आत्माका मन्दिरहरू हौं,
जसलाई परमेश्वर सफा र पवित्र भएको चाहनुहुन्छ ।
यसकारण घृणित कार्य, हेराई, बोली, सोचाई, वा ईच्छाहरू[१] र त्यसतर्फ कसैलाई उक्साउने
सबैथोकहरूलाई[२] परमेश्वरले निषेध गर्नुहुन्छ ।

[1]१ कोरिन्थी १५:३३; एफिसी ५:१८
[2]मत्ती ५:२७-२९; १ कोरिन्थी ६:१८-२०; एफिसी ५:३-४

प्रभुको दिन ४२

११०. आठौँ आज्ञामा परमेश्वरले के निषेध गर्नुहुन्छ ?
उत्तर: परमेश्वरले कानुनद्धारा दण्डित हुने चोरी डकैतीलाई मात्र मनाही गर्नुहुन्न ।[1]
तर परमेश्वरको दृष्टिमा चोरी भन्नाले
हाम्रा छिमेकी विरुद्ध योजनाबद्ध कानुन सम्मत देखिने[2] गरि गरिने छलकपट र ठगीहरू जस्तै:
वजन, आकार, वा आयातनहरूमा गलत नापतौल;
जालझेलका व्यापारहरू;
जाली रुपैयाँ पैसा;
अत्याधिक ब्याजदर;
वा परमेश्वरले मनाही गर्नुभएका अरू कुनै माध्यमहरू हो ।[3]

यस बाहेक उहाँले सबै लोभहरू[4]
र उहाँका वरदानहरूको जथाभावी प्रयोगको पनि मनाही गर्नुहुन्छ ।[5]

[1]प्रस्थान २२:१; १ कोरिन्थी ५:९-१०; ६:९-१०
[2]मीका ६:९-११; लूका ३:१४; याकूब ५:१-६
[3]व्यवस्था २५:१३-१६; भजनसंग्रह १५:५; हितोपदेश ११:१; १२:२२; इजिकिएल ४५:९-१२; लूका ६:३५
[4]लूका १२:१५; एफिसी ५:५
[5]हितोपदेश २१:२०; २३:२०-२१; लूका १६:१०-१३

१११. प्रश्न: यस आज्ञामा परमेश्वरले तपाईंबाट के कुराको माग गर्नुहुन्छ ?
उत्तर: म मेरा छिमेकीको भलाईको लागि
आफूले गर्न सक्ने हरेक कुरा गरुँ,
जस्तो अरूहरूले मलाई गरुन् भन्ने म चाहन्छु,
म पनि अरूहरूलाई त्यस्तै व्यवहार गरुँ,
र विश्वासयोग्य भई काम गरुँ,
ताकि म आवश्यकतामा परेकाहरूसँग बाँड्चुँड गर्न सकुँ ।[1]

[1]यशैया ५८:५-१०; मत्ती ७:१२; गलाती ६:९-१०; एफिसी ४:२८

प्रभुको दिन ४३

११२. प्रश्न: नवौं आज्ञाको उद्देश्य के हो ?
उत्तर: म कसैका विरुद्ध कहिल्यै पनि झुटो गवाही नदिउँ,
कसैका कुराहरू नबङ्ग्याउँ,

न कसैका कुरा काटुँ वा बदख्वाइँ नै गरुँ
आवेशमा वा राम्रोसँग सुनुवाई नगरी[1]
कसैलाई दोषी ठहराउने काममा सहभागी नबनुँ ।

न्यायालय र अरू सबै ठाउँमा,
मैले झुटो बोल्न र हरेक प्रकारका छलकपटबाट टाढै रहनुपर्छ;
यी कुराहरू शैतानले प्रयोग गर्ने माध्यमहरू हुन्,
जसले ममाथि परमेश्वरको प्रचण्ड क्रोध ल्याउँदछ ।[2]
मैले सत्यलाई प्रेम गर्नुपर्छ,
यसको बारेमा स्पष्टसँग बोल्नुपर्छ,
र खुल्लमखुल्ला स्वीकार गर्नुपर्छ ।[3]
अनि मैले मेरो छिमेकीको असल पहिचानलाई बचाउन र बढाउन
आफूले गर्न सक्ने हरेक काम गर्नुपर्दछ ।[4]

[1]भजनसंग्रह १५; हितोपदेश १९:५; मत्ती ७:१; लूका ६:३७; रोमी १:२८-३२
[2]लेवी १९:११-१२; हितोपदेश १२:२२; १३:५; यूहन्ना ८:४४; प्रकाश २१:८
[3]१ कोरिन्थी १३:६; एफिसी ४:२५
[4]१ पत्रुस ३:८-९; ४:८

प्रभुको दिन ४४

११३. प्रश्न: दशौँ आज्ञाको उद्देश्य के हो ?
उत्तर: परमेश्वरको एउटै पनि आज्ञाहरू विपरीत मेरो हृदयमा सुक्ष्म विचार वा इच्छा पनि नउब्जियोस् ।

यसको सट्टामा, हाम्रा सम्पूर्ण हृदयहरूले पापलाई सधैँ घृणा गर्नुपर्दछ
र जे सहि छ त्यही कुरामा रमाउनुपर्छ ।[1]

[1]भजनसंग्रह १९:७-१४; १३९:२३-२४; रोमी ७:७-८

११४. प्रश्न: तर के परमेश्वरमा परिवर्तन भएकाहरूले यी आज्ञाहरूलाई पूर्णरुपले पालन गर्न सक्छन् ?
उत्तर: अहँ सक्दैनन् ।
यस जीवनमा अति पवित्रहरूसँग पनि
यो आज्ञाकारिताको झिनो शुरुवात मात्र हुन्छ ।[1]

तैपनि, उनीहरू उद्देश्यको गम्भिरता सहित
परमेश्वरको यी सम्पूर्ण आज्ञाहरू अनुरुप जीवन जिउन शुरु गर्दछन् ।[2]

[1]उपदेशक ७:२०; रोमी ७:१४-१५; १ कोरिन्थी १३:९; १ यूहन्ना १:८-१०
[2]भजनसंग्रह १:१-२; रोमी ७:२२-२५; फिलिप्पी ३:१२-१६

११५. प्रश्न: यस जीवनमा कसैले पनि दश आज्ञाहरू पूर्णरुपले पालन गर्न सक्दैनन् भने
किन परमेश्वर यी आज्ञाहरूलाई स्पष्टताका साथ प्रचार गरिएको चाहनुहुन्छ ?
उत्तर: पहिलो, हामी जति लामो जिउछौं
त्यति नै बढि हामी हाम्रा पापीपनको बारेमा थाहापाउन सकौं
अनि हाम्रो पाप क्षमा र धार्मिकताको लागि
ख्रीष्टलाई अझै उत्कटताका साथ हेर्न सकौं ।[1]

दोस्रो,
परमेश्वरको स्वरुपमा ज्यादा झन-झन नविकृत हुन,
जबसम्म हामी यो जीवनपश्चात्को सिद्धताको उद्देश्यमा पुग्दैनौ
तबसम्म हामी प्रयास गर्न नरोकिऔं र पवित्र आत्माको अनुग्रहको लागि परमेश्वरसँग निरन्तर प्रार्थना गरिरहौं ।[2]

[1]भजनसंग्रह ३२:५; रोमी ३:१९-२६; ७:७, २४-२५; १ यूहन्ना १:९
[2]१ कोरिन्थी ९:२४; फिलिप्पी ३:१२-१४; १ यूहन्ना ३:१-३

## भाग ३: कृतज्ञता - प्रभुको प्रार्थना

प्रभुको दिन ४५

११६. प्रश्न: ख्रीष्टियनहरूले प्रार्थना गर्न किन आवश्यक छ ?
उत्तर: किनकि प्रार्थना परमेश्वरले हामीबाट चाहने
कृतज्ञाताको सबैभन्दा महत्वपूर्ण अंश हो ।[1]

किनकि परमेश्वरले उहाँको अनुग्रह र पवित्र आत्मा
तिनीहरूलाई मात्र दिनुहुन्छ जसले निरन्तर र अन्तरआत्माको क्रन्दनसहित
यी उपहारहरूको लागि परमेश्वरसँग बिन्ती गर्दै र धन्यवाद दिदैं प्रार्थना गर्दछन् ।[2]

[1]भजनसंग्रह ५०:१४-१५; ११६:१२-१९; १ थेसलोनिकी ५:१६-१८
[2]मत्ती ७:७-८; लूका ११:९-१३

११७. प्रश्न: कस्तो प्रकारको प्रार्थनाले परमेश्वरलाई प्रशन्न तुल्याउँछ र उहाँले सुन्नुहुन्छ ?
उत्तर: पहिलो,
हामीले अरूलाई होइन् तर आफ्नो वचनमा हामीलाई प्रकट गरिनुभएको एक मात्र साँचो परमेश्वरलाई हाम्रो हृदयदेखि प्रार्थना गर्नुपर्दछ ।
साथै उहाँले हामीलाई माग्न आज्ञा गर्नुभएका सबै कुराहरू माग्दै[1] प्रार्थना गर्नुपर्दछ ।

दोस्रो,
हामीले परमेश्वरको तेजस्वी उपस्थितिमा आफैँलाई नम्र तुल्याउन

पूर्णरुपमा हाम्रा आवश्यकता र दुर्गतिहरूको पहिचान गर्नैपर्दछ ।[२]

तेस्रो,
हामी उहाँको यो अटल जगमा भरोसा राख्नुपर्छ:
यद्यपि हामी यसको योग्य नभए तापनि,
परमेश्वरले हाम्रो प्रार्थना अवश्य पनि हाम्रा प्रभु ख्रीष्टको कारण सुन्नुहुन्छ ।
यही नै हामीलाई परमेश्वरले आफ्नो वचनमा प्रतिज्ञा गर्नुभएको छ ।[३]

[१]भजनसंग्रह १४५:१८-२०; यूहन्ना ४:२२-२४; रोमी ८:२६-२७; याकूब १:५; १ यूहन्ना ५:१४-१५
[२]२ इतिहास ७:१४; भजनसंग्रह २:११; ३४:१८; ६२:८; यशैया ६६:२; प्रकाश ४
[३]दानिएल ९:१७-१९; मत्ती ७:८; यूहन्ना १४:१३-१४; १६:२३; रोमी १०:१३; याकूब १:६

११८. प्रश्न: परमेश्वरले हामीलाई केको लागि प्रार्थना गर्न आज्ञा गर्नुभयो ?
उत्तर: हामीलाई आवश्यक पर्ने सबै आत्मिकी र भौतिकी कुराहरूको लागि,[१] जस्तो ख्रीष्ट हाम्रो प्रभु आफैंले सिकाउनु भएको प्रार्थनामा पाइन्छ ।

[१]याकूब १:१७; मत्ती ६:३३

११९. प्रश्न: प्रभुले सिकाउनुभएको प्रार्थना के हो ?
उत्तर: हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ,
तपाईंको नाउँ पवित्र गरियोस्,
तपाईंको राज्य आओस्
तपाईंको इच्छा स्वर्गमा जस्तो छ
त्यस्तै यस पृथ्वीमा पूरा होस् ।
हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् ।
हाम्रा अपराधहरू क्षमा गर्नुहोस्,
जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं ।
हामीलाई परीक्षामा पर्न नदिनुहोस्,
तर दुष्टबाट छुटाउनुहोस् ।
किनभने राज्य, पराक्रम र महिमा
सदासर्वदा तपाईंकै हुन् । आमिन ।[१]

[१]मत्ती ६:९-१३; लूका ११:२-४

## प्रभुको दिन ४६

१२०. प्रश्न: ख्रीष्टले हामीलाई परमेश्वरलाई "हाम्रा पिता" भनि सम्बोधन गर्न किन आज्ञा दिनुभयो ?
उत्तर: हाम्रो प्रार्थनाको शुरुवातमा नै प्रार्थनाको लागि आधारभूत कुरा परमेश्वरप्रति बालक जस्तो श्रदा गर्नु र भरोसा राख्नुपर्छ भनि बुझाउन -

ख्रीष्टद्धारा परमेश्वर हाम्रो पिता हुनुभएको छ र जसरी हाम्रा बुबा-आमाहरूले यस जीवनका कुराहरू हामीलाई दिन इन्कार गर्नुहुन्न, त्यसरी नै उहाँसँग विश्वाससाथ माग्नेहरूलाई अझ बढि गरेर दिनुहुन्छ ।

[1]मत्ती ७:९-११; लूका ११:११-१३

१२१. प्रश्न: "स्वर्गमा हुनुहुने" भन्ने वाक्यांश किन आवश्यक छ ?
उत्तर: यो वाक्यांशले हामीलाई परमेश्वरको स्वर्गीय प्रताप
पृथ्वीको जस्तो नसोच्न,[1]
अनि उहाँको सर्वशक्तिशाली सामर्थ्यबाट शरीर र प्राणको लागि
सबै कुराको आशा गर्न सिकाउदँछ ।[2]

[1]यर्मिया २३:२३-२४; प्रेरित १७:२४-२५
[2]मत्ती ६:२५-३४; रोमी ८:३१-३२

प्रभुको दिन ४७

१२२. प्रश्न: पहिलो बिन्तीको अर्थ के हो ?
उत्तर: "तपाईंको नाउँ पवित्र होस्" को अर्थ
तपाईंलाई सहिरुपमा चिन्न,[1]
र तपाईंको सम्पूर्ण कार्यहरूको लागि
र तिनीहरूबाट प्रतिबिम्बित सबै चमकहरू:
तपाईंको सर्वशक्तिशाली सामर्थ्य, बुद्धि, दया, न्याय, कृपा, र सत्यताको लागि[2] तपाईंलाई
आदर गर्न, महिमा र प्रशंसा दिन हामीलाई सहायता गर्नुहोस् भन्ने हो ।

र यसको अर्थ,
हाम्रा सबै जीवनशैली –
हाम्रा विचार, बोली, र कामहरूलाई
मार्गनिर्देशन गर्न सहायता गर्नुहोस्,
ताकि हाम्रो कारण तपाईंको नाउँको कहिल्यै पनि निन्दा नहोस्
तर सधैँ प्रशंसित र महिमित भईरहोस् ।[3]

[1]यर्मिया ९:२३-२३; ३१:३३-३४: मत्ती १६:१७; यूहन्ना १७:३
[2]प्रस्थान ३४:५-८; भजनसंग्रह १४५; यर्मिया ३२:१६-२०; लूका १:४६-५५, ६८-७५; रोमी ११:३३-३६
[3]भजनसंग्रह ११५:१; मत्ती ५:१६

प्रभुको दिन ४८

१२३. प्रश्न: दोस्रो बिन्तीको अर्थ के हो ?
उत्तर: "तपाईंको राज्य आओस्" को अर्थ,
तपाईंको वचन र आत्माले हामीलाई यस्तो प्रकारले राज्य गर्नुहोस्
कि हामी अझै तपाईंको अधीनतामा आफैंलाई सुम्पन सकौं[1] भन्ने हो ।

तपाईंको मण्डलीलाई सुरक्षित राख्नुहोस् र यसलाई बृद्धि गराउनुहोस् ।[२]

दियाबलसका कामलाई नाश गर्नुहोस्,
तपाईं विरुद्ध विद्रोह गर्ने हरेक शक्तिलाई
र तपाईंको वचन विरुद्ध गरिने हरेक षडयन्त्रलाई नाश गर्नुहोस् ।[३]

तपाईंको राज्य पूर्ण रुपमा आउन्जेलसम्म यो काम गर्नुहोस्,
जब तपाईं सबैथोकका सर्वेसर्वा हुनुहुने छ ।[४]

[१]भजनसंग्रह ११९:५, १०५; १४३:१०; मत्ती ६:३३
[२]भजनसंग्रह १२२:६-९; मत्ती १६:१८; प्रेरित २:४२-४७
[३]रोमी ८:२२-२३; १ कोरिन्थी १५:२८; प्रकाश २२:१७, २०

प्रभुको दिन ४९

१२४. प्रश्न: तेस्रो बिन्तीको अर्थ के हो ?
उत्तर: "तपाईंको इच्छा स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पुरा होस्" को अर्थ,
हामी र सबै मानिसहरूलाई हाम्रा आफ्नै इच्छाहरू इन्कार गर्न
र मुख नफर्काइ तपाईंको इच्छा पालन गर्न सहयोग गर्नुहोस् भन्ने हो ।
तपाईंको इच्छा मात्र असल छ ।[१]

स्वर्गमा भएका स्वर्गदूतहरूजस्तै[२] तत्परता र विश्वासयोग्यताका साथ हामी हरेकलाई
दिइएका[३] कामहरू गर्न सहायता गर्नुहोस् ।

[१]मत्ती ७:२१; १६:२४-२६; लूका २२:४२; रोमी १२:१-२; तितस २:११-१२
[२]१ कोरिन्थी ७:१७-२४; एफिसी ६:५-९
[३]भजनसंग्रह १०३:२०-२१

प्रभुको दिन ५०

१२५. प्रश्न: चौथो बिन्तीको अर्थ के हो ?
उत्तर: "हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्" को अर्थ,
हाम्रा सबै शारीरिक खाँचोहरूको वास्ता गर्नुहोस्[१]
ताकि सबै असल कुराहरूको श्रोत तपाईं मात्रै हुनुहुन्छ,[२]
र तपाईंको आशिष् विना न त हाम्रा काम र चिन्ता
न त तपाईंका वरदानहरूले
हामीलाई केहि असल गर्न नै सक्दछ भन्ने थाहा पाउनु हो ।[३]
र त्यसैले सृष्टिहरूमाथि भरोसा नगरेर केवल तपाईंमा मात्र भरोसा गर्न हामीलाई सहायता गर्नुहोस् ।[४]

[1]भजनसंग्रह १०४:२७-३०; १४५:१५-१६; मत्ती ६:२५-३४
[2]प्रेरित १४:१७; १७:२५; याकूब १:१७
[3]व्यवस्था ८:३; भजनसंग्रह ३७:१६; १२७:१-२; १ कोरिन्थी १५:५८
[4]भजनसंग्रह ५५:२२; ६२; १४६; यर्मिया १७:५-८; हिब्रु १३:५-६

प्रभुको दिन ५१

१२६. प्रश्न: पाँचौं बिन्तीको अर्थ के हो ?
उत्तर: "हाम्रा अपराधाहरू क्षमा गर्नुहोस्,
जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" को अर्थ हो,
हामी दरिद्र पापीहरू, हाम्रा पापहरू
वा हामीमा निरन्तर दुष्टता रहिरहे तापनि,[1]
ख्रीष्टको रगतको खातिर हाम्रो विरुद्ध नलिनुहोस् ।

हामीलाई क्षमा दिनुहोस् जसरी हामीमा भएको तपाईंको अनुग्रहको प्रमाण स्वरुप,
हाम्रा छिमेकीहरूलाई क्षमा दिन हामी पूर्ण रुपमा कटिबद्ध छौं ।[2]

[1]भजनसंग्रह ५१:१-७; १४३:२; रोमी ८:१; १ यूहन्ना २:१-२
[2]मत्ती ६:१४-१५; १८:२१-३५

प्रभुको दिन ५२

१२७. प्रश्न: छैटौं बिन्तीको अर्थ के हो ?
उत्तर: "हामीलाई परीक्षामा पर्न नदिनुहोस्,
तर दुष्टबाट छुटाउनुहोस्" को अर्थ हो,
हामी आफैँमा यति कमजोर छौं कि हामी केही क्षणको लागि पनि खडा हुन सक्दैनौं ।[1]

र हाम्रा कट्टर दुश्मनहरू –
शैतान,[2] संसार,[3] र हाम्रो आफ्नै शरीर –[4]
हामीलाई आक्रमण गर्न कहिल्यै रोकिँदैनन् ।

त्यसैले प्रभु,
तपाईंको पवित्र आत्माको सामर्थ्यद्धारा
हामीलाई सम्हाल्नुहोस् र बलियो बनाउनुहोस्,
ताकि हामी यस आत्मिकी संघर्षमा[5] पराजित नहोऔं,
तर पूर्ण विजय प्राप्त नगरुन्जेलसम्म
हाम्रा शत्रुहरूको दृढताका साथ प्रतिरोध गर्न सकौं ।[6]

[1]भजनसंग्रह १०३:१४-१६; यूहन्ना १५:१-५
[2]२ कोरिन्थी ११:१४; एफिसी ६:१०-१३; १ पत्रुस ५:८
[3]यूहन्ना १५:१८-२१
[4]रोमी ७:२३; गलाती ५:१७

[५]मत्ती १०:१९-२०; २६:४१; मर्कूस १३:३३; रोमी ५:३-५
[६]१ कोरिन्थी १०:१३; १ थेसलोनिकी ३:१३; ५:२३

१२८. प्रश्न: यस प्रार्थनाको समापन तपाईं कसरी गर्नुहुन्छ ?
उत्तर: "किनभने राज्य, पराक्रम र महिमा
सदासर्वदा तपाईंकै हुन्," यसको अर्थ हो -
हामीले यी सबै बिन्तीहरू तपाईंमा बिसाएका छौं किनकि तपाईं हाम्रो सर्वशक्तिशाली राजा हुनुहुन्छ,
तपाईं सबै असल कुराहरू हामीलाई प्रदान गर्न इच्छुक र सक्षम पनि हुनुहुन्छ,[१]
अनि हाम्रो होइन, तर तपाईंको पवित्र नाउँको
सदासर्वदा महिमा होस् ।[२]

[१]रोमी १०:११-१३; २ पत्रुस २:९
[२]भजनसंग्रह ११५:१; यूहन्ना १४:१३

१२९. प्रश्न: अन्तिम शब्द "आमिन" ले के व्यक्त गर्दछ ?
उत्तर: "आमिन" को अर्थ हो,
यो अवश्य र निश्चय हुने छ ।

यो अझ निश्चित छ कि
मैले उत्कट इच्छासाथ गरेको बिन्तीभन्दा पनि ज्यादा परमेश्वरले मेरो प्रार्थना सुन्नुहुन्छ ।[१]

[१]यशैया ६५:२४; २ कोरिन्थी १:२०; २ तिमोथी २:१३